# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक १३५ | काठमाडौं | मंगलबार, २१ भदौ २०७९ | Prabhab National Daily, | Tuesday, September 6, 2022 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


संसद्को कार्यकाल लम्ब्याउने विधेयक

## सरकारको निर्णयमा आयोगको प्रतिवाद

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आउँदो मंसिर ४ गतेका लागि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन तोकिसकेको छ । सोहीअनुसार तयारी पनि अघि बढेको छ । यसअघिको अभ्यास र निर्वाचन कानुनअनुसार समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारको बन्दसूची पेस हुने अघिल्लो दिनसम्म मात्र संसद्को कार्यकाल रहन्छ । तर, यसविपरीत प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल लम्ब्याउने विधेयक ल्याएपछि सरकारको आलोचना भइरहेको छ । कानुनमन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले शुक्रबार राति उक्त विधेयक दर्ता गराएका थिए ।

शुक्रबार राति दर्ता भएको केही नेपाल ऐन संशोधन विधेयकमा 'प्रतिनिधिसभाको नयाँ निर्वाचन भई त्यस्तो सभाको पहिलो बैठक बसेको दिनबाट अघिल्लो प्रतिनिधिसभाको कार्यकाल स्वतः समाप्त भएको मानिनेछ' भनिएको छ । प्रदेशसभाका विषयमा पनि यही प्रावधान छ ।

तर, चौतर्फी आलोचना बढेपछि सरकारले संसद्मा दर्ता गरिएको विधेयक संशोधन गर्ने भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र कानुनमन्त्री शर्माले छलफल गर्दै विधेयकमा संशोधन गरेर जाने सहमति गरेका हुन् ।

मनोनयनको अघिल्लो दिनभन्दा बढी कार्यकाल लम्ब्याउने गरी थालिएको कानुन संशोधन प्रक्रियालाई सांसदहरूले हाल्ने संशोधनबाट सम्बोधन गर्ने तयारी गरिएको हो । कानुनमन्त्री शर्माले विधेयक अहिलेकै रूपमाभन्दा केही संशोधन हुने बताएका छन् । 'सांसदहरूले गर्ने संशोधनलाई स्वीकार गरेर केही संशोधन हुन्छ । कार्यकाल बढाउनेभन्दा प्रस्ट पार्न विधेयक दर्ता भएकाले सांसदहरूकै चाहनाअनुसार अघि बढ्छ,' मन्त्री शर्माले भने ।

मंसिर ४ मा हुने आमनिर्वाचनका लागि असोज २ र ३ मा दलहरूले समानुपातिकतर्फका उम्मेदवारको बन्दसूची पेस गर्ने तालिका छ । नयाँ निर्वाचनका लागि उम्मेदवारी दर्ताअघि सांसद पदमुक्त हुनुपर्ने निर्वाचन आयोगको आचारसंहितामा उल्लेख छ ।

सरकारको निर्णयमा निर्वचन आयोगले पनि आपत्ति जनाएको छ । आयोगले समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारको बन्दसूची पेस हुने अघिल्लो दिनसम्म मात्र व्यवस्थापिकाको कार्यकाल रहने स्पष्ट पारेको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सोमबार एक विज्ञप्ति जारी गर्दै यस विषयमा स्पष्ट पारेका हुन् । आयोगले विगतको अनुभव स्मरण गराउँदै फरक किसिमको अभ्यास गर्ने कार्य उचित नभएको पनि जनाएको छ ।

'प्रतिनिधिसभाको निर्वाचन हुने भएमा मनोनयनपत्र दाखिला हुने अघिल्लो दिनसम्म व्यवस्थापिका संसद् (बाँकी पृष्ठ ५ मा)

मन्त्री-सुरक्षागार्ड प्रकरण

# डिएसपीमाथि छानबिन
# इन्स्पेक्टरको जिम्मेवारी खोसियो

■ प्रभाव संवाददाता

**काठमाडौं-** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठलाई 'लाइन बस्न' लगाएको आरोपमा सुरक्षागार्ड पक्राउ गरिएको प्रकरणमा प्रहरी अधिकृतहरू नै छानबिनमा तानिएका छन् । शुक्रबार पक्राउ परेका छायाँ सेन्टरका सुरक्षागार्ड शेरजंग गुरुङलाई दरबारमार्ग वृत्तमा राखिएको थियो । उनलाई राष्ट्रिय स्वतन्त्र पार्टीका संयोजक रवि लामिछानेले भेटेको तस्बिर सार्वजनिक भएपछि प्रहरीमाथि छानबिन सुरु गरिएको हो ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी दिनेशराज मैनालीको संयोजकत्वमा तीन सदस्यीय समिति बनाएर दरबारमार्ग वृत्तका प्रमुख, डिएसपी कोपिला चुडालगायतका प्रहरी अधिकारीमाथि छानबिन सुरु गरिएको छ । सोमबार राष्ट्रिय स्वतन्त्र पार्टीका संयोजक लामिछानेले प्रहरी वृत्त दरबारमार्गको हिरासतमा रहेका सुरक्षागार्ड गुरुङसँग भेटेको तस्बिर सार्वजनिक भएको थियो । असम्बन्धित व्यक्तिलाई भेट्न दिएको र हिरासतमा रहेका व्यक्तिको फोटोसमेत खिच्न दिएर सार्वजनिक गरेको भन्दै दरबारमार्गका डिएसपी चुडालसहितका प्रहरीमाथि छानबिन अघि बढेको हो ।

यही प्रकरणमा दरबारमार्गकै इन्स्पेक्टर विकास तामाङ र एक जना असईको जिम्मेवारीसमेत खोसिएको छ । असईको नाम खुलेको छैन । उनीहरूलाई काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरी तानिएको छ ।

छानबिन समितिको प्रतिवेदनका आधारमा उनीहरूमाथि कारबाही हुने/ नहुने, भए कस्तो कारबाही हुने भन्ने निर्णय हुनेछ । सामान्यतया यस्तो घटनामा बढुवा रोक्का, तीन पुस्तेमा जोडिनेगरी नसियत, ग्रेड रोक्का, जिम्मेवारी हेरफेरसम्मका कारबाही गर्ने गरिन्छ । गम्भीर प्रकृतिको लापरवाही देखिएको खण्डमा निलम्बनसम्मको कारबाही हुन्छ ।



दरबारमार्गस्थित प्ररी वृत्तको हिरासतमा राखिएका सुरक्षागार्ड शेरजंग गुरुङलाई राष्ट्रिय स्वतन्त्र पार्टीका संयोजक रवि लामिछानेले भेटेपछि सार्वजनिक भएको तस्बिर ।

सोमबार दिउँसो सुरक्षागार्ड गुरुङलाई भेट्न रवि प्रहरी वृत्त दरबारमार्ग पुगेका थिए । त्यसक्रममा गुरुङले आफूले मन्त्री श्रेष्ठलाई कुनै दुर्व्यवहार नगरेको भन्दै गुरुङलाई उद्धृत गरी लामिछानेले सामाजिक सञ्जालमा फोटोसहित स्टेटस लेखेका थिए । उक्त फोटो कसले खिचेको भन्ने अनुसन्धान हुनेछ । प्रहरीले नै रविको आग्रहमा खिचिदिएका हुन् वा रविका मानिसले खिचेका हुन् भन्ने छानबिन गरिनेछ ।

'गुरुङको छोरो आवाज अलि ठूलो भयो होला तर मैले कुनै दुर्व्यवहार गरेको छैन । मन्त्री भन्ने मलाई थाहा पनि भएन । थाहा भए पनि डचुटी त गर्नैपर्‍यो,' गुरुङले यसो भनेको भन्दै लामिछानेले फेसबुकमा लेखेका छन्, 'यदि उहाँको भनाइ सत्य हो भने उहाँलाई थुनामा राख्ने होइन ससम्मान रिहा गरियोस् । दण्डित होइन पुरस्कृत गरियोस् । नियम मिचेर लाइन नबस्ने मन्त्रीलाई चाहिँ कानुन नमानेको अभियोगमा अनुसन्धान गरियोस् ।'

'ब्याकफायर' हुने डरले सुरक्षित अवतरण

व्यक्तिगत कामले काठमाडौंको ठमेलस्थित छायाँ सेन्टर पुगेका पर्यटनमन्त्री श्रेष्ठलाई 'हप्काएको' आरोपमा (बाँकी पृष्ठ ५ मा)

### साधारण तारेखमा छुटे गुरूङ

पर्यटनमन्त्री जीवनराम श्रेष्ठलाई लाइनमा बस्न लगाएको आरोपमा पक्राउ परेका सुरक्षागार्ड शेरजंग गुरुङ साधारण तारेखमा छुटेका छन् । जिल्ला प्रशासन कार्यालय काठमाडौंले यसअघि आइतबार अभद्र व्यवहारमा अनुसन्धानका लागि प्रहरीलाई पाँच दिनको समय दिएको थियो । तर, प्रहरीले सोमबार नै अनुसन्धान प्रतिवेदन बुझाएपछि उनी साधारण तारेखमा रिहा भएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं एसपी दिनेशराज मैनालीले प्रभाव दैनिकलाई बताए ।

सोमबार नै सुरक्षागार्ड गुरुङले गल्ती महसुस गरेकाले थुनामुक्त गर्न भन्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री श्रेष्ठको सचिवालयले आग्रह गरेको थियो । मन्त्री श्रेष्ठका स्वकीय सचिव भीमसेन राजवाहकले विज्ञप्ति निकाल्दै गृह मन्त्रालयसँग सुरक्षागार्डलाई रिहा गर्न आग्रह गरेका थिए ।

'सामान्य पदीय मर्यादालाई समेत ख्याल नगरी सुरक्षागार्ड गुरूङले मन्त्रीज्यू र सुरक्षाकर्मीसमेतलाई अभद्र व्यवहार गरेको विषयलाई लिएर नेपाल प्रहरीले उनलाई नियन्त्रणमा लिएकोमा उनले प्रहरीसमक्ष गल्ती महसुस गरिसकेकोले नियन्त्रणमुक्त गरिदिन मन्त्रीज्यूले गृह मन्त्रालयलाई आग्रह गर्नुभएको छ,' स्वकीय सचिव राजवाहकले जारी गरेको विज्ञप्तिमा भनिएको छ । त्यसपछि गृहमन्त्री बालकृष्ण खाणले प्रहरी हिरासतमा रहेका गरूड सेक्युरिटिजका सुरक्षागार्ड गुरूङलाई रिहाइ गर्न निर्देशन दिएका थिए । गृहमन्त्री खाणले सोमबार काठमाडौंका प्रमुख जिल्ला अधिकारी गोविन्दप्रसाद रिजाललाई प्रक्रिया पुऱ्याएर सुरक्षागार्ड गुरूङलाई रिहा गर्न निर्देशन दिएका थिए ।

सोमबार नै गुरुङलाई रिहाइको माग गर्दै सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदनसमेत दर्ता भएको थियो । सुरक्षागार्ड गुरूङलाई तत्काल रिहा गर्नुपर्ने माग गर्दै श्रीमती लक्ष्मी गुरुङले रिट निवेदन दर्ता गराएकी थिइन् । गुरुङ कार्यरत कम्पनी गरूड सेक्युरिटिजको सहयोगमा लक्ष्मीले सर्वोच्चमा निवेदन दिँदै अन्तरिम आदेश जारी हुनुपर्ने माग गरेकी थिइन् । सर्वोच्चले उक्त रिटको पेसी मंगलबारका लागि तोकेको थियो । तर, गुरुङ सोमबार बेलुका नै थुनामुक्त भइसकेकाले यो रिट अब स्वतः निष्क्रिय हुने भएको छ ।

सन्दर्भ : वैदेशिक रोजगार

दक्षिण कोरियामा रोजगारी

## असोज पहिलो साता थप ३०८ जना कोरिया उड्दै

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले आगामी असोज ४ र ५ गते दक्षिण कोरिया उड्ने श्रमिकहरूको नामावली सार्वजनिक गरेको छ । शाखाले उक्त मितिमा उडानका लागि प्रस्तावित ३०८ जनाको सूची सोमबार सार्वजनिक गरेको हो ।

कोरियाको एआरडी सर्भिसबाट कृषि तथा पशुपालन क्षेत्रतर्फका प्राप्त नामावलीमध्ये असोज ४ र ५ गते उडानका लागि प्रस्ताव पठाइएको शाखाले जनाएको छ । यद्यपि, उडानको अन्तिम नामावली र अन्तिम उडान तालिका एआरडी सर्भिसबाट प्राप्त भएपछि प्रकाशित गरिने शाखाले जानकारी दिएको छ ।

तोकिएको मिति र समयमा आवश्यक काम नगर्ने कामदारहरूको प्रक्रिया प्रभावित हुनसक्नेतर्फ शाखाले सचेत गराएको छ । दक्षिण कोरिया नेपालीहरूको आकर्षक गन्तव्यमा पर्छ । त्यहाँ इपिएस प्रणालीमार्फत नेपाली कामदार पठाउने गरिएको छ ।

कोरोना भाइरसको महामारीका कारण २०७६ चैत महिनादेखि इपिएसमार्फत कामदारहरू दक्षिण कोरिया जाने प्रक्रिया रोकिएको थियो । उक्त प्रक्रिया २०७८ कात्तिक महिनादेखि पुनः सुरु भएको थियो । पुनः सुरु भएदेखि यही भदौ १५ गतेसम्मको अवधिमा आठ हजार ८७० जना कामदार दक्षिण कोरिया पुगिसकेको शाखाले जानकारी दिएको छ ।

सिसिभिआई फाराम भर्न आग्रह

यसैबीच कोरिया शाखाले कोरियाको एचआरडी सर्भिसबाट प्राप्त सूचीमा नाम भएका उत्पादनमूलक र कृषि तथा पशुपालन क्षेत्रतर्फका व्यक्तिहरूलाई सिसिभिआई फाराम भर्न आग्रह गरेको छ । यसका लागि तोकिएको कागजात लिएर स्वयं शाखाको कार्यालयमा उपस्थित हुनुपर्ने जानकारी दिइएको छ ।

नियमित कामदार उत्पादनमूलक र कृषि तथा पशुपालन क्षेत्रतर्फका व्यक्तिहरूमध्ये गत जुलाईसम्म श्रम सम्झौता भई सिसिभिआई भ्यालिड भएका व्यक्तिहरूले सिसिभिआई फाराम भर्न सकिनेसमेत शाखाले स्पष्ट गरेको छ ।

नामावली सूचीमा रहेका सि.नं. १ देखि १०० सम्मका व्यक्तिहरूले यही भदौ २३ गते, सि.नं. १०१ देखि २०० सम्मका व्यक्तिहरूले भदौ २६ गते, सि.नं. २०१ देखि ३०० सम्मका व्यक्तिहरूले २७ गते, सि.नं. ३०१ देखि ४०० सम्मका व्यक्तिहरूले भदौ २८ गते र बाँकी व्यक्तिहरूले २ ९ गते सिसिभिआई फाराम भरी कार्यालयाम पेस गर्नुपर्ने शाखाद्वारा जारी सूचनामा उल्लेख छ ।

**यी हुन् फाराम भर्न चाहिने कागजात**

सिसिभिआई फाराम भर्न राहदानीको सक्कल र चार थान प्रतिलिपि, नागरिकताको प्रतिलिपि एक थान, आचरणसम्बन्धी प्रहरी प्रतिवेदनको सक्कल प्रति बुझाउनुपर्ने छ । यस्तै, क्षयरोग र भिडिआरएल परीक्षण प्रतिवेदनको सक्कल प्रति, बैंकमा सात हजार २०० रूपैयाँ जम्मा गरेको भौचर तथा हालसालै खिचेको पासपोर्ट सायजको फोटो एक थानसमेत बुझाउनुपर्ने शाखाले जानकारी दिएको छ ।

## कतारले थप खुकुलो बनायो स्वास्थ्य मापदण्ड



**काठमाडौं (प्रस)–** कतारले नेपालबाट त्यहाँ प्रवेश गर्ने यात्रुका लागि कोभिड-१९ (कोरोना भाइरस)को स्वास्थ्य तथा सुरक्षा प्रोटोकल थप खुकुलो बनाएको छ । कोरोना संक्रमण न्यून हुँदै गएका कारण कतार सरकारले नेपालबाट त्यहाँ प्रवेश गर्ने यात्रुहरूका लागि स्वास्थ्य मापदण्ड खुकुलो बनाएको हो ।

कतारस्थित नेपाली दूतावासका अनुसार कोभिड-१९ (कोरोना भाइरस)को स्वास्थ्य तथा सुरक्षा प्रोटोकललाई थप सहज बनाउँदै कतार सरकारले नयाँ मापदण्ड लागू गरेको छ । कतार प्रवेश गर्ने यात्रुहरूका लागि जारी गरिएको अद्यावधिक मापदण्ड आइबार (४ सेप्टेम्बर) साँझदेखि लागू भएको दूतावासले जनाएको छ । यससँगै कतार प्रवेश गर्ने यात्रुलाई थप सहज हुने भएको छ ।

नयाँ मापदण्डअनुसार अब कतार प्रवेश गरेपछि क्वारेन्टिनमा बस्नु नपर्ने जनाइएको छ । तर, कतार आवासीय अनुमतपित्रवाहक बाहेकका यात्रुहरूले कतार प्रवेश गर्दा ४८ घण्टाभित्रको पिसिआर वा २४ घण्टाभित्रको र्‍यापिड एन्टिजेन टेस्ट गरी कोभिड-१९ नभएको प्रमाण पेस गर्नुपर्नेछ ।

यस्तै, कतारका बासिन्दाबाहेक अन्य यात्रुले कतार प्रवेश गर्न वेबसाइटमा अनिवार्यरूपमा दर्ता गरी कोभिड-१९ विरुद्धको खोप लगाएको प्रमाणपत्रलगायतका सम्बन्धित कागजात अपलोड गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख छ ।

कतार नेपालीहरूको प्रमुख रोजगार गन्तव्य मुलुकमध्येको एक हो । कोरोना महामारी फैलिएपछि त्यहाँको सरकारले त्यहाँ प्रवेश गर्ने यात्रुमाथि कडाइ गर्दै आएको थियो ।






**डेंगुविरुद्ध अभियान** | डेंगु नियन्त्रणका लागि घरदैलो अभियानमा काठमाडौं महानगरपालिकाका स्वास्थ्यकर्मी । काठमाडौंमा लामखुट्टेको टोकाइबाट लाग्ने डेंगु रोग फैलिएपछि महानगरले घरदैलो अभियान सञ्चालन गरिरहेको छ । *तस्बिरः कामपा*

# मिडिया काउन्सिल विधेयक सच्याउन माग

**काठमाडौं (प्रस)–** नेपाल पत्रकार महासंघले सरकारद्वारा प्रतिनिधिसभामा प्रस्तुत 'मिडिया काउन्सिल विधेयक' सच्याउन माग गरेको छ । महासंघले सोमबार एक विज्ञप्ति जारी गरी उक्त माग गरेको हो ।

राष्ट्रिय सभाले संशोधनसहित पारित गरेको उक्त विधेयकमा रहेका कतिपय प्रावधानहरूप्रति महासंघको गम्भीर चासो र विमति रहँदै आएको महासंघले जनाएको छ । 'उक्त विधेयक राष्ट्रिय सभामा दर्ता भएसँगै प्रेस स्वतन्त्रताविरोधी प्रावधान सच्याउन महासंघ सडक संघर्षमासमेत उत्रनुपरेको स्मरण गराउन चाहन्छौं,' महासंघका महासचिव रोशन




पुरीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ, 'महासंघको दबाबकै कारण राष्ट्रिय सभाबाट विधेयकमा रहेका समाचार लेखेकै कारण पत्रकारहरूलाई १० लाख रूपैयाँसम्म जरिवाना गर्ने, सरकारले नियुक्त गरेका व्यक्तिले पत्रकारको परीक्षा लिएर पत्रकारिता गर्न अनुमति दिनेलगायतका कैयौं प्रेस स्वतन्त्रताविरोधी प्रावधानलाई सच्याइएको थियो ।'

अझै पनि विधेयकमा रहेका कतिपय व्यवस्थाहरू प्रेस स्वतन्त्रतामैत्री नभएको र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता एवं स्वतन्त्र पत्रकारिताको मान्यताविपरीत रहेकाले यसप्रति महासंघको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । प्रेस स्वतन्त्रतामा कुनै पनि प्रकारका संकुचन हुनेगरी तथा स्वायत्त नियामक निकायका रूपमा परिकल्पना गरिएको मिडिया काउन्सिल विधेयकलाई कमजोर बनाउने गरी अगाडि बढाइए त्यसविरुद्ध महासंघ आन्दोलनमा जान बाध्य हुनेतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराइएको छ । २०७६ माघ २३ गते राष्ट्रिय सभाले पारित गरेर हालसम्म अलपत्र अवस्थामा रहेको उक्त विधेयक गत शुक्रबार प्रतिनिधिसभामा पेस गरिएको थियो ।


नेपाल सरकार

**गृह–मन्त्रालय**

**सशस्त्र प्रहरी बल नेपाल**

**नं. ३४ गण हे.क्वा.कैलाली**

कर्मचारी प्रशासन शाखा

**हाजिर हुन आउने बारेको सूचना**

देहायमा उल्लेखित विवरणको सशस्त्र प्रहरी कर्मचारी उल्लेखित मिति देखि कोही कसैलाई कुनै किसिमको जानकारी नगराई हाल सम्म कार्यालयमा गैर हाजिर रहेकोले यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ७ (सात) दिन भित्र गैर हाजिर रहनुको मनासिव कारण सहित सम्बन्धित सशस्त्र प्रहरी बल, नेपालका कार्यालयहरूमा सम्पर्क राख्न आउनुहोला । अन्यथा तपाई उपर सशस्त्र प्रहरी नियमावली ,२०७२ बमोजिम कारबाही भई जाने हुँदा सशस्त्र प्रहरी नियमावली २०७२ को नियम ११८ को उप-नियम (१) को प्रयोजनार्थ यसै सूचनाद्वारा तपाईलाई जानकारी गराईएको छ ।

**निम्न:**

| सि. न. | आई. डी.नं. | दर्जा | नामथर | दरवन्दी | स्थायी वतन | बाजेको नाम | बुबाको नाम | गैर हाजिर मिति | सूचना जारी गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५४६४१ | सप्रज | चन्द्र बहादुर ढुंगाना | स.प्र.बल,नेपाल नं. ३४ गण हे.क्वा.कैलाली | जिल्ला धादिङसाविक मुरली भन्ज्याङ गा.वि.स.वडा नं. २ (हालको निलकण्ठ न.पा. वडा नं. ८) | कृष्ण बहादुर ढुंगाना | टिका बहादुर ढुंगाना | २०७९/०४/२४ | स.प्र.बल,नेपाल नं. ३४ गण हे.क्वा. कैलाली |


# देशभर थपिए १३२ मतदानस्थल

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** निर्वाचन आयोगले आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि देशभर १० हजार ८८८ मतदानस्थल कायम गरेको छ । आयोले गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमाभन्दा १३२ वटा बढी मतदानस्थल कायम गरेको हो । गत स्थानीय तह निर्वाचनमा १० हजार ७५६ मतदानस्थल रहेका थिए ।

आयोगले मतदानस्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ बमोजिम मतदान व्यवस्थापनलाई प्रभावकारी बनाउन तथा मतदातालाई मतदान प्रक्रियामा सहज पहुँचका लागि मतदाताको संख्या, सुविधा एवं सुरक्षाको अवस्थासमेतलाई मध्यनजर गरी केही मतदानस्थल पुनरवलोकन गरेको छ । कार्यविधिमा भएको व्यवस्थाबमोजिम गत साउन १ गतेदेखि मतदानस्थल पुनरवलोकन कार्यक्रम सञ्चालन गरी मतदाताको सघनता, मतदानस्थलसम्मको पहुँच, भवन, सञ्चार, विद्युत्, यातायातलगायत पूर्वाधारको अवस्था, सुरक्षा एवं भौगोलिक अवस्था र निर्वाचनका सरोकारवालाको सहमतिका आधारमा जिल्ला मतदानस्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट प्राप्त सुझावका आधारमा पुनरवलोकन गरिएको हो ।

सोही आधारमा जिल्लाभरका मतदानस्थल पुनरवलोकन हुँदा एक हजार १२३ मतदानस्थलको त्रुटि सच्याइएको, साविकका ३६५ मतदानस्थलबाट सबै मतदाता स्थानान्तरण गरी ३६४ मतदानस्थल निर्धारण गरिएको छ । आयोगले १६३ मतदानस्थलबाट आंशिक मतदाता स्थानान्तरण गरी १६९ मतदानस्थल निर्धारण गरिएको साथै २८ मतदानस्थलका सबै मतदातालाई २८ वटै मतदानस्थलमा र १५ मतदानस्थलका आंशिक मतदातालाई स्थानान्तरण गरी १३ वटा मतदान स्थलमा गाभिएको जनाएको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले मतदानस्थल पुनरवलोकन गर्दा देशभरका ४०१ मतदानस्थललाई हटाइ नयाँ मतदानस्थल निर्धारण गरिएको बताए । मतदानस्थल पुनरवलोकन भएपश्चात् स्थानीय तहको निर्वाचन, २०७९ को समयमा मतदान गर्नका लागि बास बस्नुपर्ने, निकै टाढा-टाढासम्म हिँड्नुपर्ने लगायतको गुनासो सम्बोधन भई मतदातालाई मतदानस्थलसम्मको पहुँच सहज भई निर्वाचनमा मतदाताको सहभागिता अझ बढ्ने अपेक्षा आयोगले गरेको छ ।

# प्रदेश कोषाध्यक्षहरूको भेला सम्पन्न

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेपाल पत्रकार महासंघ, केन्द्रीय लेखा समितिको आयोजनामा नेपाल पत्रकार महासंघका प्रदेश कोषाध्यक्षको भेला तथा अन्तरक्रिया आयोजना गरेको छ । नेपाल पत्रकार महासंघका प्रदेश समिति र शाखामा आर्थिक सुशासन र पारदर्शिता कायम राख्न भेला आयोजना गरिएको महासंघ लेखासमिति संयोजक लेखनाथ न्यौपानेले बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखेलले संगठनलाई चुस्त दुरुस्त ढंगले संचालन गर्न कोषाध्यक्षको महत्वपूर्ण भूमिका रहने बताए । विधानले दिएको परिधिमा रहेर कार्य सम्पादन गरे महासंघको चौतर्फी विकासमा सहयोग पुग्ने अध्यक्ष पोखेलले बताए ।

महासंघका वरिष्ठ उपाध्यक्ष रमेश विष्टले कोषाध्यक्षको भूमिका संस्थाको आर्थिक पक्षसंग जोडिएको




भन्दै आर्थिक गतिविधिलाई पारदर्शि ढंगले सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

त्यसैगरी, महासचिव रोसन पुरीले महासंघको आर्थिक गतिविधिका विषयमा टिकाटिप्पणी हुनेगरेको भन्दै आर्थिक पारदर्शिता र सुशासन कायम गर्नुपर्नेमा जोड दिए । उनले महासंघको लेखा समितिलाई थप बलियो बनाउन आवश्यक रहेको बताए ।


**सूचना ! सूचना !! सूचना !!!**

यस SEASONAL MANPOWER COMPANY PVT. LTD (ई.प.नं.९८५/०६७/६८) मा कार्यरत 1. Prakash Pokharel (Citizenship No.2-4963), 2. Srijana Tamang (Citizenship No.27-01-75-07646), 3. Shova Kumari Khulal Magar (Citizenship No.17344-78), 4. Manisha Pulami (Citizenship No.171050/1527), 5. Dashrath Chaudhary (Citizenship No.1363), 5. Ram Lama (Citizenship No.1000) ले यस प्रा. लि. मा काम गर्दै आउनु भएको र आफ्नो व्यक्तिगत काम विशेषका कारण राजीनामा दिनु भएको हुनाले निज व्यक्तिहरूसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून वमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**Seasonal Manpower Company Pvt. Ltd.**
श्रम ईजाजत नं. ९८५/०६७/०६८
Samakushi, Kathmandu, Nepal, Tel: +977-1-4380538/01-4351210, Fax: +977-1-4462252

**मोटरसाइकल हराएको सूचना**

मिति २०७९/०५/१८ गते निम्न विवरणको खरानी रङको Pulsar 200 NS Model को मोटरसाइकल काठमाडौं जिल्ला बुन.पा. ६ हात्तीगौडाबाट रातको अन्दाजी ११:०० देखि १२:०० बजेको समयमा हराएको भएको हुँदा देख्नुहुने महानुभावले तुरून्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीको नाम :**
**शुभप्रवा सेभिङ्ग एण्ड क्रेडिट कोअपरेटिभ लि.**
**बाइक नं. : बा.प्र ०२-०२८प. ७७८५**
**च्यासिस नं.**:MD2A36FX8MCA86081
**इन्जिन नं. :** JLXCMA38942
**ठेगाना : चावहिल, काठमाडौं**
**मो. : ९८१३८५२३५३**

**JAYA SHREE DIBYASHWARI BUSSINESS PVT. LTD.**

**PAN NO.:-606618953 WARD NO.-1, BHAKTAPUR**

| Items | MRP (NPR) |
|---|---|
| Go Pro Hero 10 Digital Camera | 36,500.00 |
| Sony NX100 Camcorder | 127,500.00 |
| Sony NX200 Camcorder | 154,500.00 |
| Canon EOS 850 Digital Camera | 127,500.00 |
| Sony AX45 Camcorder | 73,000.00 |

The above products do not carry any after sales warranty. Warranty cost is on buyer's account. All prices are including VAT.

**भागेश्वर गाँउपालिका**

**गाँउकार्यपालिकाको कार्यालय**

**बगरकोट, डडेल्धुरा**

**सुदूरपश्चिम, प्रदेश**

**ढुंगा, गिट्टी, बालुवा कर उठाउने सम्वन्धी सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९।०५।२१)**

यस गाँउपालिकावाट आर्थिक वर्ष २०७९।०८० का लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (घ) को उपदफा २ र सोही ऐनको परिच्छेद ९ को दफा ६२(क) को उपदफा (१) अनुसार यस गाँउपालिका क्षेत्रभित्र भएर बग्ने IEE गरेका र घाटगद्दी तोकिएका नदि खोलाहरुमा ढुंगा गिट्टी, बालुवा आदि कूल संकलन देहाय बमोजिम घन मि. मात्र बिक्रिमा प्रति घन मिटर रु.८३।३३ (भ्याट बाहेक) का दरले कर दस्तुर रकम संकलन गर्न ठेक्का गर्नुपर्ने भएकोले ठेक्का लिन इच्छुक फर्म वा कम्पनीहरुवाट सिलबन्दि दरभाउ पत्र पेश गर्न १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै सिलबन्दि दरभाउ पत्र खरिद गर्दा भागेश्वर गाँउपालिकाको नाममा सानिमा बैंक, भागेश्वर शाखामा रहेको **BHAGESHWOR GA.PA. AANTARIK RAJASHWO KHATA GA.1.1** खाता नं.**070010040000002** मा सिलबन्दि दरभाउ पत्र दस्तुर वापतको रकम दाखिला गरी, सिलबन्दि दरभाउ पत्र भागेश्वर गाँउपालिकाको कार्यलय वगरकोट डडेल्धुरा वाट वुझिलिनु पर्नेछ ।

ढुंगा, गिट्टी, बालुवा बिक्रि कर संकलन ठेक्का अवधी ठेक्का सम्झौता भई सम्झौता गरेको मितिले २०८० (जेष्ठ मसान्त) सम्मको लागि

**तपसील**

| ठेक्का नं. | नदि/खोलाको विवरण | कूल घन मिटर | न्यूनतम ठेक्का अंक रू. मा (कर बाहेक) | सिलबन्दि दरभाउ फाराम दस्तुर |
|---|---|---|---|---|
| 01/BRM/GOODS/2079-80 | डोटी खोला, चुल्लीगाड- ठुलिगाड, | ५०००।०० | रु.४१६६५०।०० | रु.१,०००। (एक हजार मात्र) |
| 02/BRM/GOODS/2079-80 | पर्छैटा- राडील खोला | ५०००।०० | रु.४१६६५०।०० | रु.१,०००। (एक हजार मात्र |

# ‘नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण हुन्छ’

■ प्रभाव संवाददाता

**जनकपुरधाम–** नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले दुवै सदनबाट दोस्रो पटक पारित भएको नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण हुने विश्वास व्यक्त गरेका छन् ।

पार्टीको कार्यक्रमका लागि जनकपुरधाम आएका अध्यक्ष दाहालले पत्रकारसँग कुरा गर्दै प्रतिनिधिसभा र राष्ट्रियसभामा दोस्रो पटक पारित भएको नागरिकतासम्बन्धी विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण हुने बताए । उनले भने, ‘संविधानले राष्ट्रपतिलाई एकपटक विधेयक फिर्ता गर्ने अधिकार दिएको छ, दोस्रो पटक विधेयक फिर्ता गर्ने अधिकार संविधानले राष्ट्रपतिलाई दिएको छैन, त्यसैले दुवै सदनबट दोस्रो पटक पारित भएको नागरिकता विधेयक राष्ट्रपतिबाट प्रमाणीकरण हुन्छ, भन्ने विश्वास छ ।’



उनले आगामी मंसिर ४ गते हुने निर्वाचनमा मधेश प्रदेशमा आफ्नो पार्टीले बढी सिट जित्ने दावी पनि गरे ।

उनले अघिल्लो निर्वाचनमा जुन क्षेत्रमा जुन दलले जितेको थियो, त्यही दललाई दिने सैद्धान्तिक सहमति भएको कारण पनि गत २०७४ सालको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमाभन्दा यो निर्वाचनमा आफुहरूले राम्रो सिट जित्ने बताए । उनले भने, ‘अघिल्लो निर्वाचनमा जुन क्षेत्रमा जुन दलले जितेको थियो, त्यही दललाई दिने सैद्धान्तिक सहमति भएको छ ।’

त्यस्तै अध्यक्ष दाहालले गठबन्धन दल सिट बाँडफाँटको अन्तिम तयारीमा रहेकाले अब चाँडै नै निर्वाचनको तयारीमा लाग्ने बताए । उनले भने, ‘गठबन्धनको सिट बाँडफाँट अध्ययन कार्यदलले अध्ययन गरिरहेको छ, अबको दुई/तीन दिनभित्रै गठबन्धन दलबीच सिट बाँडफाँट टुङ्गो लाग्छ ।’

उनले कार्यदलले प्रतिवेदन दिने र त्यसलगत्तै कार्यदलको प्रतिवेदनका आधारमा सिट बाँडफाँटको टुङ्गो लगाउने बताए । उनले अब कति वटा सिट कुन दललाई दिने भन्नेमा टुङ्गो लगाउन मात्र बाँकी रहेको बताए । उनले भने, ‘हामीले छिटोभन्दा छिटो सिट बाँडफाँटको टुङ्गो लगाएर चुनावी तयारीमा जुट्न चाहन्छौं ।’

सोमबार नेकपा माओवादी केन्द्रको मधेस प्रदेशमा रहेका केन्द्रीय सदस्यको बैठक जनकपुरधाममा सुरु भएको छ । बैठकलाई अध्यक्ष दाहाल, वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ (प्रकाश), नेताहरू मात्रिकाप्रसाद यादव, गिरीराजमणि पोखरेललगायतका नेताहरूले सम्बोधन गर्नुहुने कार्यक्रम रहेको छ ।

भारतीय सेनाध्यक्ष पाण्डेको नेपाल भ्रमण

# राष्ट्रपति भण्डारीबाट मानार्थ महारथीको दर्जा प्रदान



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल भ्रमणमा रहेका भारतीय स्थल सेनाध्यक्ष जनरल मनोज पाण्डेलाई नेपाली सेनाको मानार्थ महारथी दर्जा प्रदान गरिएको छ । सोमबार एक समारोहबीच नेपाली सेनाका परमाधिपतिसमेत रहेकी राष्ट्रपति विद्यादेवी भण्डारीले पाण्डेलाई मानार्थ महारथीको दर्जा र खड्ग प्रदान गरेकी हुन् ।

राष्ट्रपति भवन शितलनिवासमा आयोजित विशेष अलंकरण समारोहमा प्रधानमन्त्री शेरबहादुर देउवासहित विशिष्ट व्यक्तिहरुको उपस्थिति रहेको थियो । प्रधानसेनापति प्रभुराम शर्माको औपचारिक निमन्त्रणामा नेपालको पाँच दिवसीय भ्रमणका लागि सेनाध्यक्ष पाण्डे आइतबार नेपाल आएका थिए ।

नेपाल र भारतबीच सन् १९५१ देखि एक-अर्का देशका सेना प्रमुखलाई मानार्थ महारथीको दर्जा प्रदान गर्ने प्रचलन छ । वि.सं. २००७ मा भारतीय सेनाका फिल्ड मार्सल के एम करिअप्पालाई पहिलोपटक नेपाली सेनाको मानार्थ प्रधानसेनापतिको सम्मान प्रदान गरिएको थियो । वि.सं. २०२६ मा तत्कालीन प्रधानसेनापति सुरेन्द्रबहादुर शाहले पहिलोपटक भारतीय सेनाको मानार्थ सेना प्रमुखको सम्मान प्राप्त गरेका थिए । सोही प्रचलनको निरन्तरतास्वरुप राष्ट्रपति भण्डारीले भारतीय सेनाध्यक्ष पाण्डेलाई सोमबार मानार्थ महारथी दर्जा प्रदान गरेकी थिइन् ।

अघिल्लो वर्ष प्रधानसेनापति शर्माले भारतीय सेनाको मानार्थ महारथी पाएका थिए । सन् २०२० मा भारतीय सेना प्रमुख जनरल मनोज मुकुन्द नरवाणेलाई नेपाली सेनाको मानार्थ महारथी प्रदान गरिएको थियो । हालसम्म भारतका २१ र नेपाली सेनाका १७ सेनापतिले उक्त सम्मान प्राप्त गरिसकेका छन् । दुई मुलुकका सेनाबीचको दशकौंदेखिको उक्त अनुपम अभ्यासले नेपाली सेना र भारतीय सेनाबीच आपसी सम्बन्ध मात्र नभई दुवै मुलुकको मित्रता र सहयोगको ऐतिहासिक सम्बन्धलाई थप बलियो बनाउन टेवा पुग्ने विश्वास गरिएको छ ।

## सैन्य सामग्री हस्तान्तरण

मानार्थ महारथी दर्जा प्राप्त गर्नुअघि सोमबार जनरल पाण्डेले नेपाली सेनालाई विभिन्न सैन्य सामग्री हस्तान्तरण गरेका थिए । सो क्रममा नेपाली सेनाले उनलाई सम्मान गारत अर्पण गरेको थियो । उनले सोमबार नै प्रधानसेनापति शर्मासँग भेटवार्ता गरेका थिए । सोमबार नै जनरल पाण्डेले सैनिक मुख्यालय जंगी अड्डामा वृक्षरोपण गरे ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRAND CENTRAL LAUNDRY COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०१/१६ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/२० | LT. No. 262086 | चलानी नं.६०१८१३८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KWD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour Indoor | 37 | 0 | 100 | ४१,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 816/065/066

**IMPERIAL OVERSEAS PVT. LTD.**

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-4485530,Fax : +977-1-4485522,
Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-RAED CONSULTANT EST FOR TRADING

पुर्व स्वीकृति मिति २०७९/०२/१७ | पुन विज्ञापन स्वीकृति मिति: २०७९/०५/२० | LT. No. 263978 | चलानी नं. ६०१८०१३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Refrigeration Equipment Assembly Worker | 1 | 0 | 1200 | ४०,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 1218/074/075

**Mansur Manpower Pvt.Ltd.**

G.P.O. Box: 473 Sambhu Marg, Airport Manpower Bazar, Kathmandu Nepal
Mobile :9801101712, 9801101715, E-mail: saim.mansur2017@gmail.com,
mansur.manpower2017@gmail.com Website: www.mansurmanpower.com


## Temal Rural Municipality
## Office Of The Rural Municipal Executive

Pokhari Narayansthan, Temal, Kavre

Bagmati Province

## INVITATION FOR BIDS

**Date Of Publication: 2079 -05-21 (6th Sept, 2022)**

Temal rural municipality, pokhari narayansthan, temal, kavre invites online bids only under e-procurement system from eligible bidders for the construction of projects mentioned below under national competitive bidding: single stage single envelope bidding procedures. All other information and bid document can be downloaded from ppmo’s website **www.bolpatra.gov.np/egp** or may obtain at office. All eligible bidders are requested to submit e-bid as per instructions within the mentioned period.

| Name of Project | Contract ID | Estimated Cost including VAT and (NRs.) | Cost of Bid Document (NRs) | Bid Validity | Bid Security (NRs) | Bid Security Validity |
|---|---|---|---|---|---|---|
| Construction of Administrative Block of Tamang useum | NCB/TRM/ Kavre/ Works/01/ 079-80 | 1,90,11,643.54 (Nrs. One crore ninety lakhs eleven thousands six hundreds forty three and fifty four paisa only) | 3000.00 | 90 Days(after the deadline of bid submission) | 500000 (five lakhs only) | 30 days beyond bid validity period |

Information to deposit the cost of bidding document in bank:
**Name of the bank:- citizens bank international limited, temal branch, kavre,**
**Name of office: temal rural municipality**
**Account name: temal aantarik rajaswa khata**
**Office account no (rajaswa).: - 0710100000001202**
All information regarding the above mentioned can be obtained from ppmo’s website **www.bolpatra.gov.np/egp** or may obtain at office.

**Office Chief**


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ORIENTAL PIE CORNER RESTAURANT TO SERVE MEALS

पूर्व स्वीकृति मिति: २०७८/१२/१६ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०५/२० | LT. No.260552 | चलानी नं. ६०१७६५२०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 1 | 0 | 1000 | ३३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कस ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु.१,५०० कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: MOHAMMED AL-BARGHASH AL-MANSOURI AND SONS TRADING AND CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०७९/०४/०८ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० | LT. No.267914 | चलानी नं. ६०१८३७४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Drilling Worker | 52 | 0 | 1000 | ३४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Lic No. 1159/074/074

**Global Sourcing Group Pvt.Ltd (Trans Asia Manpower Pvt.Ltd)**

Milijuli Marg, Maharajgunj/ Chakrapath-3, Kathmandu, Nepal
*Tel : 01-4016163, 01-4016164, Email : info@gsgroup.com.np, www.gsgroup.com.np*

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YAHYA AHMED RAQWANI CO. FOR TRADING & CONT.

पूर्व स्वीकृति मिति २०७९/०५/२० | LT. No. 271289 | चलानी नं. ६०१८६९०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Driver | 15 | 0 | 2500 | ८५,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: असोज २ गते (18th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 280/058/059

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)

P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal
Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : WORLD SECURITY

पूर्व स्वीकृति मिति २०७९/०५/२० | LT. No.271216 | चलानी नं.६०१८६९०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 100 | 0 | 900 | ३१,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: निःशुल्क कामदार आफैंले सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.** श्रम ईजाजत नं. १०१८/०६८/०६९

Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015542013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraoverseas.com.np

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CRC CHINESE RESTAURANT SDN BHD

पूर्व स्वीकृति मिति: २०७९/०५/२० | LT. No. 270958 | चलानी नं. ६०१८६९०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 10 | 0 | 1500 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**G.R. Manpower Service Pvt. Ltd.** श्रम ईजाजत नं. ८६१/०६६/०६७

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695
E-mail: grmanpower861@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : EADECO SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/२० | LT. No. 270973 | चलानी नं. ६०१८६९१३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 100 | 0 | 1500 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रोजगारदाता कम्पनीले सेवा शुल्क: निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**कैलाश इन्टरनेशनल म्यानपावर प्रा.लि.** श्रम ईजाजत नं. ३१७/०५९/०६०

रानीबारी मार्ग, सामाखुसी-३, काठमाडौं, मो.: ९८०८४९०९००, फोन नं.: ४३५७७३४, ४३८१९२२, ४३८३९४४,
Email: manpowerkailash@gmail.com,infokailashmanpower.com.np, Web: www.kailashmanpower.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# सरकारको गलत मनासाय

सरकारले आउँदो मंसिर ४ गतेका लागि प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन तोकिसकेको छ। सोहीअनुसार तयारी पनि अघि बढेको छ। यसअघिको अभ्यास र निर्वाचन कानुनअनुसार समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारको बन्दसूची पेस हुने अघिल्लो दिनसम्म मात्र संसद्को कार्यकाल रहन्छ। तर, यसविपरीत प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल लम्ब्याउने विधेयक ल्याएपछि सरकारको आलोचना भइरहेको छ। कानुनमन्त्री गोविन्दप्रसाद शर्मा कोइरालाले शुक्रबार राति उक्त विधेयक दर्ता गराएका थिए।

आलोचना बढेपछि सरकारले संसद्मा दर्ता गरिएको विधेयक संशोधन गर्ने भएको छ। प्रधानमन्त्री शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल र कानुनमन्त्री शर्माले छलफल गर्दै विधेयकमा संशोधन गरेर जाने सहमति गरेका हुन्। मनोनयनको अघिल्लो दिनभन्दा बढी कार्यकाल लम्ब्याउने गरी थालिएको कानुन संशोधन प्रक्रियालाई सांसदहरूले हाल्ने संशोधनबाट सम्बोधन गर्ने तयारी गरिएको हो। कानुनमन्त्री शर्माले विधेयक अहिलेकै रूपमा भन्दा केही संशोधन हुने बताएका छन्।

मंसिर ४ मा हुने आमनिर्वाचनका लागि असोज २ र ३ मा दलहरूले समानुपातिकतर्फका उम्मेदवारको बन्दसूची पेस गर्ने तालिका छ। नयाँ निर्वाचनका लागि उम्मेदवारी दर्ताअघि सांसद पदमुक्त हुनुपर्ने निर्वाचन आयोगको आचारसंहितामा उल्लेख छ। उसो त सरकारको निर्णयमा निर्वँचन आयोगले पनि आपत्ति जनाइसकेको छ। आयोगले समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारको बन्दसूची पेस हुने अघिल्लो दिनसम्म मात्र व्यवस्थापिकाको कार्यकाल रहने स्पष्ट पारेको छ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले सोमबार एक विज्ञप्ति जारी गर्दै यस विषयमा स्पष्ट पारेका हुन्। आयोगले विगतको अनुभव स्मरण गराउँदै फरक किसिमको अभ्यास गर्ने कार्य उचित नभएको पनि जनाएको छ।

नेपालको संविधानको धारा ८५ तथा धारा १७७ मा प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल पाँच वर्ष हुने व्यवस्था छ। प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन परिणाम प्रकाशन भएको मितिलाई तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलको उम्मेदवार निर्वाचित भएको घोषणा भएको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मानिने व्यवस्था छ।

सरकाले जुन विधेयक ल्याएको छ, त्यो लगत छ। गलत मनासायबाट आएको प्रस्ट छ। त्यसले एकातिर निर्वाचनलाई प्रभावमा पार्न सक्छ भने अर्कोतिर राज्यको व्ययभार बढाउने काम गर्छ। निर्वाचन आचारसंहिता लागिसकेपछि सरकार त कामचलाउ भइसक्छ भने किन चाहियो संसद् ? त्यसकारण सरकारले हचुवाको भरमा ल्याएको विधेयक गलत छ। यसलाई फिर्ता लिने वा सच्याउने काम गर्नुपर्छ।

# अभियन्ता प्रेमराजको संघर्ष



▶▶ पदम श्रेष्ठ

*पुर्ख्यौली जग्गा जोगाउने अभियानमा लागेका प्रेमराज बासुकला भक्तपुर ताथलीका स्थायीवासी हुन्। ताथलीमा अहिले पनि उनको ५०औं रोपनी पुर्ख्यौली जग्गा छ। दाजुभाइ सबैको एक हजार ८०० रूपनीभन्दा बढी जमिन रहेको उनी बताउँछन्।*

*'पुर्ख्यौली जमिन नबेचौं' अभियानका अभियन्ता प्रेमराजको पेसा कृषि हो। उनले औपचारिक शिक्षा भने लिएका छैनन्। उनका दाजु (जो नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य थिए)बाट पाएको अनौपचारिक शिक्षा नै प्रेमराजको चारित्रिक र आर्थिक समृद्धिको दस्तावेज बन्न पुग्यो। उनका पाँच दाजुभाइ र तीन दिदीबहिनी सबै यो अभियानमा लागेका छन्।*

*त्यसो त प्रेमराजका बाजेहरूले नै यो अभियान सुरु गरेका थिए। उनका बाजे गोपासिंह वासुकलाका दाजुभाइहरूले नै पुर्ख्यौली जग्गा नबेच्न प्रेरित गरेको प्रेमराज सुनाउँछन्। उनका अनुसार बाजेहरूको अभियान नै थियो कि पुर्ख्यौली जग्गा विवाह गर्न, भोज खान र मोजमस्ती गर्नका लागि बेच्ने होइन, कर्म गरेर खाने हो। बाजे गोपासिंह र बज्यै सेतीमायाले छाडेको कर्मफल तथा आदर्शकै आधारमा उभिएर पुर्ख्यौली जमिन नबेचौं अभियानमा लागेको उनले सुनाए।*

*प्रस्तुत छ अभियन्ता प्रेमराजले सुनाएका अनुभवहरू:*

### किसान पक्षधर बाबुबाजे

मेरो बुबाले कृषि कर्म गर्न खर्च अभाव भएका कृषकलाई थोरै ब्याजमा ऋण दिनुहुन्थ्यो। किसानहरूलाई मल, बीउ, सिँचाइ, कामदारलगायतको समस्या पर्ने गर्दथ्यो। त्यसलाई बुझेर मेरा बाबु बाजेले कृषकलाई न्यूनतम ब्याजमा ऋण प्रवाह गर्नुहुन्थ्यो। अरुसँग लिएमा चक्रवृत्ति ब्याजबाट खुत्रुक्कै पार्ने हुँदा त्यसबाट बच्न बुबाकोमा ऋण लिन आउँथे गाउँलेहरू। दसैंमा चिउरा कुट्नका लागि धान र मासुको लागि एउटा राँगा किनिदिनुहुन्थ्यो। त्यही पैसा नयाँ वर्ष न्हूँद (नेपाल सम्वत) फेर्नेबेला लक्ष्मी पूजाको दिन ऋण तिर्न ल्याउँथे। म पनि त्यस्तै गर्छु भन्ने सोच्थें, तर कसरी ?

गाउँलेलाई ऋण दिन पहिले त आफूसँग पैसा हुनुपर्‍यो। पैसा कमाउन कृषिलाई व्यापार गर्नुपर्छ भन्ने बुझें। किनकि, उत्पादित कृषि सामग्री सस्तोमा बेच्नुपरे किसानले प्रत्येक वर्ष ऋणकै भार बोक्नुपर्छ, यसबाट बच्न किसानलाई माछा होइन कि माछा मार्ने जाल अर्थात् कृषिलाई बजार पुर्‍याएर बेच्ने वातावरण दिनुपर्छ भन्ने सोच बनाएँ। तर, बिचौलियाको सञ्जालका कारण किसान र उपभोक्ता मारमा छन्। त्यो सञ्जाललाई हटाउँदै जाने अभियानमा पनि छु म।

### बाल्यकालमै विदेश भ्रमण

१४ वर्षकै उमेर हुँदो हो, अचानक विदेश जाने सोच पलायो। अचम्म, दाजु शिवले पनि त्यही सोच्नुभएको रहेछ। यसका दुई कारण छन्- एक त विदेशमा कृषि सामग्री पुर्‍याएर पैसा कमाउने, दोस्रो बाजेले 'तिमीहरूले जसरी पनि घाम उदाउने र अस्ताउने देशको भ्रमण गर्नू' भन्नुभएको थियो। हामीलाई नेपालमा घाम उदाउँदा भारतमा घाम अस्ताउँछ भन्ने लाग्थ्यो। त्यही सोचेर हामी ५०० रूपैयाँ लिएर रक्सौलहुँदै कलकता हिड्यौं। तर, ट्रेनमा त नेपाली पैसा नचल्ने रहेछ, त्यो थाहा थिएन। टिटिवालाले हामीलाई बीच बाटोमै उतारिदिए।

अलपत्र हामी दुई फुच्चेहरू बाटोमा 'नेपाल जानेका रास्ता कहाँ हे' भन्दै सोध्दै हिँडेरै नेपाल फर्कने आँट गर्‍यौं।भोक लाग्दा उखु र सख्खरखण्ड माग्दै पेट भर्थ्यौं। बच्चालाई देखेर, भारतकै एक ठाउँका निःसन्तान दम्पतीले त त्यहीँ बसे पढाइदिनेसमेत भने। तर, मानेनौं। जसरी हुन्छ नेपाल जान्छौं भनेपछि रोकेनन्। अमलेखगञ्ज, हेटौंडा, कुलेखानी, चित्लाङ, थानकोटहुँदै २७ दिनको यात्रामा भक्तपुर आइपुग्यौं। देश विदेशको घामपानी बुझेपछि मान्छेले पानीले भाँडो अनुसारको आकार बनाएजस्तै बनाउँदो रहेछ। र, त बाजेले घाम उदाउने र अस्ताउने देशको भ्रमण गर्नू है बाबु भनेको मैले बुझें।

### कृषिलाई व्यापारमा लगाउने सोच

विदेश भ्रमणपछि म बाजे र दाइको आदर्शभन्दा अलि छुट्टै कृषि कर्म र उत्पादनलाई व्यापारमा लगाउने सोचको भएछु। तत्कालीन किसान परिवार खेतको काम सकिएपछि अर्काकोमा काम जाने गर्दथे। वि.सं. २०२८ सालको कुरो हो, म पनि अर्काको खेतमा काम गर्न जान थालें। जेठ महिनामा खेत खन्दा दिनभरको ज्याला पाँच रूपैयाँ र साउनमा धान गोड्न जाँदा दुई रूपैयाँ ५० पैसा पाइन्थ्यो।

त्यही रकमबाट घरको ग्वाखँ प्वाल (खोपा) को दराजमा फूलमार, आशामार, चुरोट, चकलेट, बिँडी राखेर व्यापार थालें। पछि गाउँ-गाउँबाट ९० पैसा मानामा दूध संकलन गरी मामा शेरबहादुर लावाजुको घरमा पुर्‍याउन थालें। मामाले दूधबाट खुवा बनाएर काठमाडौं सप्लाइ गर्नुहुन्थ्यो। मलाई पनि यस्तै व्यापारमा लगाइदिन मामासँग भनें। मामाले त्यो मार्ग देखाइदिनुभयो। मामाको पदचाप पछ्याउँदै म आफैंले गाउँको दूध संकलन गरी काठमाडौंको पसल-पसलमा पुर्‍यााएर एक रूपैयाँ ५० पैसामा बिक्री गर्न थालें। २०३१ सालतिरको कुरा हो यो। त्यहीबेला राजा वीरेन्द्रको राज्याविशेष भएको थियो। यसरी दूध व्यापारबाट दिनकै ३०० रूपैयाँ कमाउन थालें।

### व्यापारको थालनी

दूध बेचेको पैसा जम्मा गरेर २०३२ सालमा रत्नपार्कमा आठ हजार रूपैयाँमा कफी सप किनेर व्यापार थालें। दिनको दुई हजार ५०० रूपैयाँसम्म व्यापार हुन थाल्यो। काठमाडौंमा गएर व्यापार गर्ने आइडिया दाजु जयरामबाट पाएकोले मैले दाजुलाई राजनीतिमा साथ दिन काठमाडौंमा घर बनाइदिन्छु भनें। दाजुलाई मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले पार्टीको तालिममा भन्नुभएको रहेछ- जग्गा नबेची व्यापार गर्न। हुन पनि देशमा पैसा खुवाएर नागरिकता लिएकाबाट महँगोमा जग्गा किनेर यहाँका आदिवासीहरूलाई जग्गाविहीन बनाउँदै छन्। त्यसमा बाजे गोपासिंहको जे गर्छौं आफैंले गर्नसक्ने कर्म गर्नू भन्ने उपदेशले मार्गनिर्देश गर्‍यो।

डब्बलमान दाइसँग मिलेर २०३३ सालताका ३९ हजार ५०० रूपैयाँमा ट्याक्सी किनेर चलाएँ। छोटो समयमै ३६ प्रतिशत ब्याजमा ऋण लिई छ वटा गाडी किन्यौं। ती गाडीहरूमध्ये एउटा ट्याक्सी पूर्वमन्त्री गोल्छे सार्कीले चलाउनुहुन्थ्यो। व्यापारबाट आएको फाइदापछि भक्तपुरको पुर्ख्यौली तीनवटा घर र ५० रोपनी जग्गा नैतिक राजनीतिमा लाग्ने वचनबद्धतासहित दाजु जयराम बासुकलालाई जिम्मा दिइयो। दाजुभाइलाई काठमाडौंमै घर निर्माण गर्ने लक्ष्यसहित लागेको मैले रत्नपार्कको चिया पसल भाइहरूलाई जिम्मा लगाएँ। लगत्तै गाडी बेच्यौं। त्यसबाट दोब्बर नै फाइदा भयो। त्यही पैसाले डब्बल दाइले ज्ञानेश्वर र मैले नयाँबानेश्वरमा जग्गा किनेर घर बनायौं। त्यतिबेला आनाको ३५ हजार रूपैयाँमा सात आना जग्गा किनेको थिएँ, त्यहीँ घर बनाएँ। जग्गा, सेयर र सुनजस्ता भौतिक सम्पत्ति तथा शिक्षा, सीप र स्वास्थ्यमा लगाएको सम्पत्ति कहिल्यै खेर जाँदैन भन्ने तथ्यलाई अनुसरण गर्दै म अघि बढें।

### हङकङ व्यापारले घाटा

२०४१ सालमा मैले मेरो बानेश्वरस्थित घर छ लाख रूपैयाँमा बेचेर हङकङ झिटिगुण्टा व्यापारमा लगानी गरें। घुसको तौरतरिका नजान्दा एक्कासी तीन लाख रूपैयाँ घाटा हुन गयो। घुस र झूठविनाको हङकङ व्यापार चलाउनै नसक्ने अवस्था थियो। रगत पसिना एक गरी बनाएको घर बेचेर थालेको व्यापारबाट रकम एक्कासी आधा भएपछि तत्काल नयाँबानेश्वरकै सडकमा जग्गा किनेर पुरानै व्यापारमा लगाएँ। अनुभवविनाको लगानी गर्दा उल्टो पर्दोरहेछ भन्ने हङकङ व्यापारबाट बुझें मैले।

२०५८ सालको कुरा हो, श्रमिकलाई नै मालिक बनाउने भन्दै एक जनासँग मिलेर गार्मेन्ट खोल्यौं। साथीले तपाईं सस्तोमा जग्गा किनेर आम्दानी बढाउनोस्, म गार्मेन्ट हेर्छु भने। मैले आफूसँग भएको २५ लाख रूपैयाँमा सातदोबाटोमा पाँच रोपनी र साथीले ३७ रोपनी गरी जम्मा ४२ रोपनी जग्गा लियौं। तर, साथीले २०६२ सालमा गार्मेन्ट माओवादीको कारण बन्द गर्नु परेको र जग्गा बेचेर आएको रकम यतिमात्र भन्दै ४० लाख दिएर मलाई पन्छाए। जबकि, रोपनीको ६४ लाख रूपैयाँले मेरो पाँच रोपनीको तीन करोड २० लाख आउनुपर्थ्यो। विश्वासमा साथीको नाउँमा मात्र जग्गा राख्दा त्यो दूर्दशा भोग्नुपर्‍यो।

### गाउँमै स्कुल चलाउन आन्दोलन

हाम्रो गाउँमा गतिलो विद्यालय नभएका कारण मैले पढ्न पाइनँ। स्कुल आधा घण्टा हिँडेर जानुपर्ने भएकोले आफ्नै गाउँमा श्रीदेवी मावि स्थापना गर्न सात रोपनीको भूतडाँडामा स्वीकृतिका लागि तत्कालीन जिल्ला सभापति पूर्णबहादुर खत्रीसँग आग्रह गर्‍यौं। तर नमानेपछि काका बुद्धिकुमार छुँकाको नेतृत्वको समूहले राति सुकुल ठटाएजस्तै ठटाउने भन्दै सभापति लखेटेपछि स्वीकृति पायौं।

त्यसपछि बाँसको झुप्रो, छवालीको बारबेर र छवालीले छाएर स्कुल सुरु गरियो। दाजु बुद्धिकुमार गोसाइँको अगुवाइमा कान्छा बासुकला, जयराम बसुकला, काका कृष्णराम बासुकलाले निःशुल्क छ जना विद्यार्थीलाई पढाउन थाल्नुभयो। लगतै नमूना स्कुल अर्को पनि फैलाउँदै भक्तपुर क्यान्सर अस्पतालसँगै १० रोपनीको जमिनमा फै ढोका स्कुल स्थापना गरियो। त्यसैबेला सरकारी विद्यालयहरूमा कृषि, पर्यटन, हाइड्रो, जडीबुटी र सीपमूलक शिक्षा दिएर बोर्डिङ स्कुलसरह अगाडि बढाउने लक्ष्य लियौं। मेरा बाजेका दुई छोरा गोपिलाल र पञ्चलाल बासुकलाका ११ जना दाजुभाइको प्रत्यक्ष/अप्रत्यक्षरूपमा स्कुलमा योगदान थियो। नेपाल मजदुर किसान पार्टीमा क्रियाशील मेरा दाजु जयराम एसएलसी उत्तीण गर्ने टोलकै पहिलो व्यक्ति बने। र, सोही विद्यालयमा पढाउन थाले भने भाइ कृष्णले पढ्न थाले।

गुथि सहकारिताको माध्यमबाट सञ्चालित नेपालकै पहिलो स्कुल हो। २०४९ भदौ २० गते शनिबार सोही स्कुलको लागि भूतडाँडाको ढिस्को सम्याउने क्रममा ढिस्कोले पुरेर मेरा भाइहरू कृष्ण र संघर्ष बासुकलाको मृत्यु हुन पुग्यो। सो घटनाले हामी भावविह्वल हुन पुग्यौं।




### सीमानाका भ्रमण

२०२६ सालमा भारतको कोलकाता पुगेर फर्किंदा सिमानाको जंगे पिलर देखेको थिएँ। भारतद्वारा अतिक्रमित सीमा हेर्न मैले राखेको प्रस्तावलाई सीमाविद् बुद्धिनारायण श्रेष्ठ, हिरण्यलाल श्रेष्ठ, साध्यबहादुर भण्डारीले स्वीकार्नुभयो। उहाँहरूको टोलीसँग दुई हप्ता सिमाना भ्रमण गर्न पायौं। २०७४ सालको भारत-तिब्बत सीमा अध्ययनले वास्तवमा भारतले एउटा बोल्ने र काम अर्कै गर्ने प्रस्ट देखिन्थ्यो।

नेपालको इतिहासमा पृथ्वीनारायण शाहको एकीकरण अभियान, राजा महेन्द्रले थालेको भूमिसुधार मोही अधिकार, राणाकालीन निरंकुश राज्यव्यवस्था भनिए पनि जंगे पिलर बनाएर गरेको नेपाली भूमिको सुनिश्चितता ऐतिहासिक कार्य हुन्। अर्को महत्त्वपूर्ण राजा वीरेन्द्रको नेपाललाई शान्ति क्षेत्र घोषणा गर्ने प्रस्ताव, जुन प्रस्तावलाई विश्वका २२५ मुलुकले स्वीकृत गरे पनि गिद्धेदृष्टि फैलाइरहेको छिमेकी देश भारतले साथ दिएको थिएन।

यी सबै घटनाहरूले गर्दा मैले एउटा अवधारणा बनाएको छु, कुनै वाद वा सिद्धान्तको पछि नलाग्ने। जसले देश बचाउने लक्ष्यसहितको राष्ट्रवादी मार्गमा लाग्छ त्यसैलाई सहयोग गर्नेछु। जुन सिद्धान्त मेरा दाजु जयराम बासुकलाको आदर्श थियो।

## मननयोग्य

### चाणक्य नीति

**चाणक्यको जीवन चरित्र**

इतिहासका धेरै पन्नाहरू पल्टाएपछि केही हजार वर्ष पहिलेको यो आर्यावर्त भौगोलिक रूपले हिमालयदेखि दविडसम्म र गान्धारदेखि बादमदेशसम्मको विशाल क्षेत्र भए पनि स-साना राज्यमा टुक्रिएको अवस्थामा रहेको थियो।

यही आर्यावर्तमा एउटा शक्तिशाली एवम् वैभव-सम्पन्न राज्य छ, मगध। मगधको एक सीमावर्ती सहरमा रहेको एक साधारण घर जसलाई घर नभनेर आश्रम अथवा झपो (झोपडी) भन्नु नै धेरै वेश होला। पक्की पर्खालमा खरका दुई कोठा, माटाले लिपीपोती सफा गरिएको आँगन, बीचमा एउटा जमुनाको रूख, रूखमुनि किलामा बाँधिएकी एउटी गाई आफ्नो बाच्छोसँग उभिएर घाँस खाइरहेकी।

यसमा बस्छन् एक विद्वान्, तर दरिद्र ब्राह्मण आचार्य चणक ठूलो निधार त्यसमा लगाइएको चन्दनको त्रिपुण्डक, आँखा ठूलाठूला काँधदेखि नाभीसम्म झरेको जनै र शरीरमा एउटा मेखलाजस्तो वस्त्र जो धोतीका रूपमा लगाएका छन्। त्यसको केही भाग आफ्ना काँधमा पनि पुयाएका छन्, विद्वत्ता एवम् दरिद्रताका प्रतिरूप आचार्य चणक व्याकुलताले यताउति घुमिर हेछन्। झुपडीमा प्रसववेदनाले पीडित पत्नीका कारण यिनमा व्याकुलता चाणक्यको जीवनी आएको हो। चणक पटक-पटक उत्कण्ठाले अपडीतिर हेर्छन, कहिले उनका दुई हात ईश्वर-स्मरणका लागि जोडिन्छन्। कहिले आफ्ना सम्पूर्ण व्याकुलता र चिन्ता ईश्वरलाई भन्न चाहन्छन्।

एकै छिनपछि 'पण्डितजीलाई शुभकामना' यो स्वरले उनको तन्द्रा भंग हुन्छ। झुपडीको ढोका खोलेर सुत्केरी गराउने स्त्री सुडेनी बाहिर आउँछ। आचार्य चणक ईश्वरलाई धन्यवाद दिदै खुसी भएर आफ्नो झुपडीभित्र प्रवेश गर्छन्। **क्रमश :**

## पत्र-मञ्जुषा

# चाडपर्वमा हुने ठगीधन्दा नियन्त्रणको योजना खै ?

दसैं पर्वको रौनक विस्तारै सुरु भइसकेको छ। दसैंमा सबैभन्दा धेरै खपत हुने माछामासु हो। तर, सरकारले अझै पनि दसैंलक्षित खसीबोका र भेडाच्याङ्ग्रा भित्रचाएको छैन। बेलैमा खसीबोका र च्याङग्रा नल्याइदिँदा पशुपालकहरूले उचित मूल्य पाउँदैनन्। अहिलेदेखि नै गाउँठाउँबाट धमाधम खसीबोका भित्रचाउने हो भने पशुपालकहरूलाई सहज हुन्थ्यो। जति सरकारले उठायो पशुपालकलाई उति नै फाइदा हुन्थ्यो। व्यापारीलाई दिँदाभन्दा सरकारलाई बेच्दा किसानहरू मारमा पर्दैनन्। व्यापारीहरूले सक्दो कम भाउमा किसानहरूसँग खरिद गरेर ल्याउँछन् र यहाँ ल्याएर महँगोमा बेच्छन्। तर, सरकारले तौलअनुसार खरिद गर्ने भएकाले किसानलाई पनि केही हदसम्म राहत हुन्छ।

सरकारले जति धेरै खसीबोका र च्याङग्रा ल्याउँछ, जनतालाई पनि त्यति नै फाइदा हुन्छ। व्यापारीले तोकेअनुसारको मूल्य राखेर किन्नु पर्दैन। जनताहरू ठगिनबाट पनि जोगिन्छन्। सरकारी रेटमा खरिद गरेर खपत गर्न पाएपछि जनतालाई अरू के चाहियो ? मासु पसलेको ठगीधन्दा पनि बन्द हुन्छ। खसी कम आयो भनेर महँगो मूल्यमा बेच्ने क्रमको अन्त्य हुन्छ। सरकारले किसानबाट कम खसीबोका उठाउनेबित्तिकै किसानहरू मर्कामा पर्छन्। दसैंलाई भनेर पालेर राखेको खसीबोका सरकारले नकिनेपछि बिचौलियालाई सस्तोमा बेच्न किसानहरू बाध्य छन्। आफ्नो लागत उठाउन पनि ग्राह्रो पर्ने गरेको बताइन्छ। विभिन्न बहाना बनाएर धेरै नाफा खानका लागि बिचौलियाहरूले किसानसँग सस्तोमा खरिद गर्छन्। बिचौलियाहरूले एउटा खसीबाट तीनदेखि सात हजारसम्म नाफा खान्छन्।

किसान र ग्राहक दुवैलाई राहत दिनका लागि सरकारले नै खसीबोका ल्याउनुपर्छ। बिचौलियालाई खसीबोका ल्याएर बिक्रीवितरण गर्न दिनुहुन्न। दसैंमा सबैभन्दा धेरै खाने भनेकै माछामासु हो। घरका र पाहुनालाई खुवाउने नै माछामासु हो। यतिखेर माछामासुको अत्यधिक बिक्री हुन्छ। कृषि मन्त्रालय, कृषि विभाग र खाद्य संस्थानले खसीबोका, कुखुरा, माछाको मूल्य निर्धारण गरेको छैन। जिउँदो र काटेको कति हो ? भनेर सरकारले निर्धारण नगरिदिँदा पसलपिच्छे फरक-फरक भाउ छ। मासु व्यापारी र अण्डा व्यापारीको संघले मूल्य निर्धारण गर्छ। व्यवसायीलाई मूल्य निर्धारण गर्ने छुट दिएको छ। निजी क्षेत्रलाई मूल्य निर्धारण गर्न दिनु भनेको जनता ठगिनु हो। अहिलेसम्म सरकारले मूल्य तोक्ने कामचाहिँ आफैंले गर्नुपर्छ। सरकारले मूल्य निर्धारण गर्न दियो, व्यापारीहरूले पनि मज्जाले जनता ठग्ने छुट पाए।

दैनिक बजारमा जति पनि मासु बेचिरहेका छन् तिनीहरूको परीक्षण भएको छैन। जथाभावी फोहोरमा मासु काटेर बेच्ने काम भइरहेको छ। खसीबोका, कुखुरा, राँगा, सुगुरमा केही रोग छ कि भनेर न व्यापारीले परीक्षण गर्छ न सरकारले। जसले गर्दा मासुकै कारणले पनि रोग निम्तिरहेको छ। मासु पसलेहरूले खसी भनेर बाख्राको मासु बेच्छन्। राँगा भन्दै भैसी र बुँगुरको साटो सुँगुर बेच्ने व्यापारीहरू पनि प्रशस्तै छन्। जिउँदो कुखुरा काटेको भन्दै मरेको पनि बेच्ने गरिन्छ। यता, मासु पसलहरू पनि एकदमै फोहोर हुन्छ। त्यहाँ प्रयोग हुने हातहतियार र अचानो पनि त्यस्तै हुन्छ। माछामासु पखाल्ने पानी पनि फोहोर हुने। सफा पानीले नपखाल्ने, फोहोर पानीकै प्रयोग गर्ने। मासु पसले पनि फोहोरी देखिन्छन्। उनीहरूले लगाएको लुगाको फोहोर नै माछामासुमा नपर्ला भन्न सकिन्न।

पैसाचाहिँ महँगो लिने तर तौलचाहिँ थोरै दिने। बासी माछामासु पनि झुक्याएर बेच्ने गरिन्छ। माछामासु पसलमा यस्तो बेथिति हुँदा पनि सरकारले अनुगमनमा चासो दिएको छैन। जनता ठग्दा पनि सम्बन्धित निकाय मौन छ। अहिले त यस्तो छ भने दसैंमा ठगीधन्दा झनै मौलाउँछ। अनुगमन शून्य भएपछि जनता नठगिने कुरै रहेन।

चाडबाडका बेला उपभोक्ता ठगिने प्रवृत्ति रोक्न सरकारले अहिलेदेखि नै कदम चाल्न आवश्यक छ।

– ***कल्पना राई***, *भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

## डिएसपीमाथि...

पृष्ठ १ बाट जारी

सुरक्षागार्ड गुरुङलाई पक्राउ गरिएको थियो । तर, मन्त्री श्रेष्ठको आदेशमा उनलाई पक्रेको भन्दै चौतर्फी आलोचना भएको थियो । जसका कारण पनि उनलाई हतार-हतार सोमबार नै थुनामुक्त गरिएको छ । चुनावको मुखमा सरकार र मन्त्रीको आलोचना तीव्र हुने र यसले 'ब्याकफायर' हुनसक्ने भएपछि घटनाको सुरक्षित अवतरणको बाटो अपनाइएको छ ।

शुक्रबार बिहान साढे ९ बजे छायाँ सेन्टरमा रहेको भिएफएस ग्लोबल भिसा सेन्टरमा पुगेका मन्त्री श्रेष्ठलाई सुरक्षागार्ड गुरुङले 'लाइनमा बस्न' अह्राएका थिए । प्रहरीका अनुसार गुरुङले मन्त्री श्रेष्ठमाथि अभद्र व्यवहार गरेका थिए । उनले मन्त्रीलाई लाइनमा किन नबसेको भनेर ' थर्काएको', मन्त्रीको परिचय दिँदासमेत 'मन्त्री-सन्त्री' मतलब छैन भन्दै दुर्व्यवहार गरेको बताइएको छ ।

मन्त्री श्रेष्ठलाई सुरक्षागार्डले भित्र छिर्न नदिएको र मन्त्रीका सुरक्षागार्ड तथा सहयोगीले 'उहाँ मन्त्री हो' भनेर चिनाउँदासमेत दुर्व्यवहार गरेकाले पक्राउ गरिएको प्रहरीको दाबी थियो ।

क्यानडामा हुने अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (आइकाओ)को बैठकमा सहभागी हुनका लागि मन्त्री श्रेष्ठ भिसा प्रक्रियाको बायोमेट्रिक गर्न श्रीमतीसहित छायाँ सेन्टर पुगेका थिए । सोही क्रममा सुरक्षागार्ड गुरुङले मन्त्री श्रेष्ठलाई लाइनमा बस्न लगाएका थिए । त्यसपछि मन्त्रीका पिएसओले श्रेष्ठ मन्त्री भएको भनेर सम्झाउँदा पनि उनले 'मन्त्रीसन्त्री चिन्दिनँ' भन्दै लाइनमा बस्न लगाएर दुर्व्यवहार गरेको आरोप लगाइएको थियो । त्यसक्रममा गुरुङले 'म पनि सेनाकै भूपू हो' भन्दै रिसाएको बताइएको छ । गुरुङले जो मानिस भए पनि लाइनमा बस्नुपर्ने बताएपछि त्यहाँ धकेलाधकेलको अवस्था सिर्जना भएको प्रहरीले जनाएको छ ।

मन्त्री श्रेष्ठ त्यहाँबाट फर्किएपछि पर्यटन मन्त्रालयले छायाँ सेन्टरस्थित व्यक्तिगत काममा गएका बखत मन्त्रीमाथि सुरक्षागार्डबाट दुर्व्यवहार भएको भन्दै कारबाहीका लागि गृह मन्त्रालयमा पत्र पठाएको थियो । शुक्रबार नै गृहले पर्यटनको पत्र प्रहरी प्रधान कार्यालय पठाएको थियो । प्रहरी प्रधान कार्यालयबाट काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट हुँदै पत्र प्रहरी वृत्त दरबारमार्ग पुगेको थियो । त्यसपछि उनी पक्राउ परेका थिए । छायाँ सेन्टरमा रहेको भिएफएस ग्लोबल भिसा सेन्टर एउटा अन्तर्राष्ट्रिय निजी कम्पनी हो । जसले क्यानडा, जापानसहित युरोपका धेरै देशको भिसा प्रक्रिया अघि बढाउँछ । मन्त्री श्रेष्ठले आफू समय लिएर त्यहाँ गएको र लाइनमै बसेको अवस्थामा सुरक्षागार्डले दुर्व्यवहार गरेको दाबी गरेका थिए । तर, भिसा सेन्टरले भने मन्त्री विनाजानकारी पुगेको बताएको छ । मन्त्री श्रेष्ठले १५ मिनेट अगाडि मात्र खबर गरेको भए पनि यो घटना नहुने भिसा सेन्टरको भनाइ छ ।

## सरकारको निर्णयमा...

पृष्ठ १ बाट जारी

कायम रहने व्यवस्था भएको आधारमा सम्वत् २०७४ मा प्रतिनिधिसभाको निर्वाचनका लागि समानुपातिक निर्वाचन प्रणालीबमोजिम उम्मेदवारको बन्दसूची पेस हुने अघिल्लो दिनसम्म मात्र व्यवस्थापिका संसद् कायम रहेको अनुभव छ,' विज्ञप्तिमा भनिएको छ, 'यसरी कुनै सभालाई प्रतिस्थापन गर्ने गरी अर्को निर्वाचन हुने अवस्थामा निर्वाचनमा उम्मेदवारी पेस हुने अघिल्लो दिनसम्म मात्र साविकको सभा कायम रहने सिद्धान्तलाई ग्रहण गरी सोहीबमोजिम विगतमा अभ्याससमेत गरिसकेकोले समान अवस्थामा फरक किसिमको अभ्यास गर्ने कार्य उचित देखिएन ।'

नेपालको संविधानको धारा ८५ तथा धारा १७७ मा प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल पाँच वर्ष हुने व्यवस्था रहेको छ । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ तथा प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ६१ मा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ निर्वाचन परिणाम प्रकाशन भएको मितिलाई तथा समानुपातिक निर्वाचन प्रणालीतर्फ राजनीतिक दलको उम्मेदवार निर्वाचित भएको घोषणा भएको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मानिने व्यवस्था रहेको आयोगको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

यस्तै, आयोगले कार्यकालमा विवाद भएपछि आयोगको परामर्शमा नै मंसिरको निर्वाचन हुन लागेकोले तयारीको कार्य सुरु भएपछि कानुन संशोधन गर्नु उपयुक्त नभएको बताएको छ ।

'प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको कार्यकाल कहिलेदेखि प्रारम्भ हुन्छ भन्ने सम्बन्धमा स्पष्टता नभएको र प्रत्येक सदस्यको निर्वाचित मितिलाई आधार मानि गणना गर्दा फरक-फरक मितिमा निर्वाचित भएको मान्नुपर्ने अवस्था देखिएकोले पहिलो निर्वाचित मितिलाई आधार मानि प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको पदावधिको अवधि गणना गर्नु व्यावहारिक र निर्विवाद हुने देखिएकोले सोही आधारमा निर्वाचन आयोगले परामर्श दिई नेपाल सरकारले सम्वत् २०७९ साल मंसिर ४ गते निर्वाचन गर्न निर्वाचन मिति घोषणा गरेको छ,' आयोगको विज्ञप्तिमा भनिएको छ ।

प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन ऐन, २०७४ लगायतका निर्वाचनसम्बन्धी कानुन निर्माण तथा संशोधनको प्रक्रिया अघि बढाउँदा निर्वाचन आयोगसँग परामर्श र समन्वय हुने व्यवस्था रहेकोले सोहीअनुसार गर्न पनि आयोगले अनुरोध गरेको छ ।


### दुधकुण्ड सा.व.उ.स. सोलुदुधकुण्ड न.पा.१ को पर्यापर्यटन प्रवर्धन योजना कार्यान्वयनका गर्न गेष्ट हाउस निर्माणको लागि आशयपत्र पेश गर्ने सम्बन्धी प्रकाशित सूचना

**प्रथम पटक प्रकाशित मिति: २०७९/०५/२१**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत पर्यापर्यटन प्रवर्धन योजना अनुसार यस सामुदायिक वनमा पर्यापर्यटन प्रवर्धनको लागि गेष्ट हाउस निर्माण गरी व्यवसाय सञ्चालन गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । गेष्ट हाउस निर्माण गरी व्यवसाय सञ्चालन गर्न इच्छुक यस सामुदायिक वन उपभोक्ता समूहका सदस्यहरूले यो सूचना प्रथम पटक प्रकाशित भएका मितिले २१ दिन भित्र विस्तृत सुचनामा उल्लेखित विवरणहरू खोली सिलबन्दी गरी आशयपत्र पेश गर्न आव्हान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागी यस उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**श्री दुधकुण्ड सा.व.उ.स.सोलुदुधकुण्ड न.पा.१, सोलुखुम्बु**



### श्री बिसौना सामुदायिक वन उपभोक्ता समूह कटारी १२ उदयपुरको समूह बाहिर काठ बिक्री सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७८/०७९ को विधिवत रूपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको लट नम्बर १ को साल थान ७२ को ९४५.३५ क्युफिट, लट नम्बर २ को साल थान २ को ६५.४५ क्युफिट, लट नम्बर ३ को साल चिरान थान १३१ को १९६.०० क्युफिट साल दाउरा ०.२५ चट्टा क्युफिट बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समूह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्होरावो सूचना समूहको सूचनापाटीमा टाँस गरिएको छ ।



## रोमानियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **CONEST SA**

पूर्व स्वीकृति मिति २०७८/१२/२८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No.261502 चलानी नं. ६०१८२५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 3 | 11 | 550 | ७०,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **MEDO COMPANY SRL**

पूर्व स्वीकृति मिति २०७९/०१/०८ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No.261964 चलानी नं. ६०१८२७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 0 | 18 | 550 | ७०,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

फाईनल अन्तरवार्ता हुने स्थान: *Interscafe Safety Training Solution*, काठमाडौंमा मितिः भदौ २८ देखि ३० गते (13 to 15th Sept. 2022) सम्म हुनेछ ।

कम्पनी : **LOZLUX KONSTRUCT SRL**

पूर्व स्वीकृति मिति २०७९/०३/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No.266511 चलानी नं. ६०१८४४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 1 | 14 | 550 | ७०,२७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।**

फाईनल अन्तरवार्ता हुने स्थान: *Interscafe Safety Training Solution*, काठमाडौंमा मितिः भदौ २८ देखि ३१ गते (13 to 16th Sept. 2022) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ७०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**बि.डी. ग्रुप म्यनपावर प्रा. लि.**

श्रम इजाजत नं. १३७२/०७४/०७५

सामाखुशी-१४ टोखा, काठमाडौं नेपाल फोन नं. ०१-४९५९२२०

फ्याक्स नं. ०१-४३५९२२० इमेल :- bdgroupmanpower1@gmail.com

वेवसाइट :- bdgroupnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **DELTA ZEEFORCE SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०५/२० LT. No. 270959 चलानी नं. ६०१८६९०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 42 | 0 | 1500 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.** Govt. License 1463/074/075

Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787

Mbl N. 9843103248, 9841093498



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ZIYAD SALEH ABDULLAH AL SHEHRI READY MIX CONCRETE FACTORY**

पूर्व स्वीकृति मिति २०७८/१२/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No. :260841 चलानी नं.६०१७७२६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Factor | 1 | 0 | 1000 | ३३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Green Star Overseas Pvt. Ltd.**

Basundhara, Kathmandu, Nepal,

Tel: +977-1-4363546, Fax: +977-1-4363540

श्रम ईजाजत नं. २५७/०५८/०५९

Email: greenstaroverseas@gmail.com, Website: www.greenstaroverseas.com



## साउदी अरेबियामा रोजगारको अवसर

कम्पनी: **ASFARI MAINTENANCE AND CLEANING COMPANY IS A ONE PERSON COMPANY**

पूर्व स्वीकृति मिति २०७९/०५/२० LT. No.271288 चलानी नं. ६०१८६९०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Labors | 50 | 0 | 1000 | ३४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**

श्रम ईजाजत नं. ६१९/०६३/०६४

Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,

Email: nocnepal@nassers.org



## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **F LADIES BEAUTY SALON CO**

पुर्व स्वीकृति मिति २०७९/०५/२० LT No :271250 चलानी नं. ६०१८६९०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser | 0 | 4 | 140 | ५७,९७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Nail Technician | 0 | 3 | 170 | ७०,३९० | | | | | | | |
| 3 | Pedicure & Manicare | 0 | 3 | 140 | ५७,९७० | | | | | | | |

कम्पनी : **ADVANCED PROFESSIONALS TRADING AND CONTRACTING CO. LTD.**

पुर्व स्वीकृति मिति २०७९/०५/२० LT No :271234 चलानी नं. ६०१८६९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Laborer | 1 | 0 | 1300 | ४४,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Omega International Pvt. Ltd.**

Govt. License No. 1352/074/075

Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337

E-mail : info@omeganepal.com, Website : www.omeganepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **FARM / COMPANY RIHAM GENERAL TRADING AND CONTRACTING**

पूर्व स्वीकृति मिति २०७९/०२/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No. 263032 चलानी नं. ६०१८६८१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KWD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer (Agriculture) | 26 | 0 | 95 | ३९,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Swift Gurkha International Pvt. Ltd.**

श्रम ईजाजत नं. ५५९/०६२/०६३ Samakhusi, Tokha Road, Ktm, Nepal. Tel: +9771 4352128, 4389471, 4350987, Fax: +977-1-4350534



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SRI LARA JOINT SECURITY SERVICES SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०५/२० LT. No. 270915 चलानी नं. ६०१८६९३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 42 | 0 | 1500 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**NABIL OVERSEAS PVT LTD.** श्रम ईजाजत नं. ३५९/०५९/०६०

Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : **APR MANUFACTURING SDN BHD**

पूर्व स्वीकृति मिति : २०७९/०५/२० LT. No. 270822 चलानी नं. ६०१८६९२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Workers | 8 | 0 | 1500 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Ever Bright Overseas Pvt.Ltd.**

श्रम इजाजत नं. १४६५/०७४/०७५

Sambhu Margal–09 Kathmandu, Nepal, Tel: +977-01-5911758, 5911759, Mob No: +977-9801836213,

Email: everbrightoverseas123@gmail.com, Web: www.everbrightoverseas.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL SIDDIQI HOSPITALITY**

पूर्व स्वीकृति मिति २०७९/०५/१६ LT. No. 270421 चलानी नं.६०१८६६७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 3 | 0 | 1500 | ५२,९८० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Clean Worker | 0 | 3 | 1000 | ३५,३२० | | | | | | | |
| 3 | Waitress | 0 | 3 | 1800 | ६३,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Elite Gurkhas Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं.५३५/०६१/०६२

Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638

Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **HH THE EMIR FATHER PRIVATE OFFICE**

पूर्व स्वीकृति मिति २०७७/१०/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No.235452 चलानी नं.६०१५३८२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver (Light) | 2 | 0 | 1700 | ६०,०४५ | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Farmer | 101 | 0 | 1000 | ३५,३२० | | | | | | | |
| 3 | Shepherd | 5 | 0 | 1300 | ४५,९१५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००/-

कम्पनी : **UNICERAMIC-QATAR WLL**

पूर्व स्वीकृति मिति २०७९/०१/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No.262537 चलानी नं.६०१७८९२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant | 1 | 0 | 1300 | ४५,९१५ | श्र. नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र. नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Mechanic | 2 | 0 | 1300 | ४५,९१५ | | | | | | | |
| 3 | Carpenter | 5 | 0 | 1200 | ४२,३८५ | | | | | | | |
| 4 | Labourer | 24 | 0 | 1000 | ३५,३२० | | | | | | | |
| 5 | Packing Worker | 3 | 0 | 1000 | ३५,३२० | | | | | | | |
| 6 | Technician | 4 | 0 | 1200 | ४२,३८५ | | | | | | | |
| 7 | Tile Maker | 2 | 0 | 1200 | ४२,३८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.** Govt. License 852/066/067

Chappalkarkhana-04, Kathmandu, Nepal. P.O.Box No.: 3078, Tel : +977-01-4526853

Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## भैरहवामा गुञ्जँदै हेमन्त शर्मा

गायक हेमन्त शर्माले शुक्रबार भैरहवामा आफ्नो प्रस्तुति दिने भएका छन् । भैरहवाकै स्थानीय कलाकारसमेत रहेका शर्माले लायन्स क्लब अफ सिद्धार्थनगर गौतमबुद्धको आयोजनामा हुने लायन्स कर्पोरेट नाइटमा सांगीतिक प्रस्तुति दिने भएका हुन् । विभिन्न कर्पोरेट हाउसका प्रतिनिधिहरूको निश्चित सहभागिता रहने कार्यक्रममा भैरहवाकै स्थानीय राष्ट्रिय तथा ख्यातिप्राप्त आधुनिक गायक शर्मासहित स्थानीय महिलाहरूको सांगीतिक ब्याण्ड र नृत्यको प्रस्तुति रहने क्लबका अध्यक्ष गौतम गुप्ताले बताए ।



# सेञ्चुरी मिस टिन उपाधिका लागि २० किशोरी भिड्दै



■ प्रभाव संवाददाता

**काठमाडौं–** सेञ्चुरी मिस टिन नेपालको १८औं संस्करणको ग्रान्ड फिनाले आगामी ९ असोजमा हुने भएको छ । काठमाडौं जेसिजले सन् २००२ देखि निरन्तर आयोजना गर्दै आएको मिस टिनको फाइनलमा २० जना प्रतिस्पर्धीहरूबीच उपाधि भिडन्त हुनेछ ।

आयोजक काठमाडौं जेसजिका अध्यक्ष अनुप सुनुवारका अनुसार किशोरीहरूको क्षमता अभिवृद्धि, सामाजिक एवं सांस्कृतिक वृत्तिविकास तथा महिला सशक्तीकरणको लक्ष्यसहित मिस टिन नेपालको आयोजना हुन लागेको हो । प्रतियोगिताबारे जानकारी दिन सोमबार आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष सुनुवारले सेञ्चुरी मिस टिन नेपाल एक सौन्दर्य प्रतियोगिता मात्रै नभएर महिला सशक्तीकरणका पक्षमा पैरवी गर्ने मञ्चसमेत रहेको बताए ।

प्रतियोगिताको अडिसन राउन्डमा सहभागी ५० मध्ये २० जना ग्रान्ड फिनालेका लागि चुनिएका हुन् । प्रतियोगिताको मुख्य कोरियोग्राफरको भूमिका प्रिया रानी लामाले निर्वाह गर्नेछिन् । उनले प्रतियोगिताका सहभागीलाई राम्री बन्न र बोल्न मात्रै प्रोत्साहन नगरिने भन्दै एक जिम्मेवार नागरिकका रूपमा सहभागिहरूको क्षमता विकास गराइने बताइन् ।

प्रतियोगिको ग्रान्ड फिनालेमा प्रतिस्पर्धा गर्नेहरूमा विभुषा बस्नेत, अदिती श्रेष्ठ, कसक पौडेल, सुम्निमा पुरी, आर्या पोखरेल, सुस्जिता पौडेल, स्नेहा पौडेल, पूजा ओली, प्रतीक्षा डंगोल, पारिका भण्डारी, हर्षिता पन्त, विसुका कोइराला, निशा सोनी, सुस्मिता अधिकारी, रोशनी सुनवार, खुसी श्रेष्ठ, आरती गिरी, सञ्जु श्रेष्ठ र कुसुम भट्टराई छन् ।

प्रतियोगितामा सेञ्चुरी मिस टिन नेपाल २०२२ को मुख्य टाइटलसहित विभिन्न १२ सब टाइटल अवार्ड राखिएका छन् । १६ देखि १९ वर्षसम्मका किशोरीहरू प्रतिस्पर्धी रहेको मिस टिन नेपालको मुख्य प्रायोजकका रूपमा सेञ्चुरी रहेको छ भने एनआइसी एसिया बैंक बैंकिङ पाटर्नर रहेको छ । आयोजकका अनुसार मिस टिन २०२२ को भोटिङ पाटर्नरमा खल्ती, डिजिटल पाटर्नरमा केटिएम रुस, फुड पाटर्नरमा द बर्गर हाउस, फेसन पाटर्नरमा नमुना कलेज अफ फेसन टेक्नोलोजी, यचु बुटिक रनीर्तिज डिजाइन रहेका छन् ।

प्रतियोगिताका विजेताहरूलाई क्राउन, अवार्ड र 'सी इज सक्सेस' नाम सामाजिक परियोजनामा काम गर्नेलगायतका अवसर प्राप्त हुने आयोजकले जनाएको छ ।



# झिंगे दाउ हेर्न चितवन पुगिन् आँचल

**काठमाडौं (प्रस)–** आँचल शर्मासहितको अभियनय रहेको चलचित्र झिंगे दाउ प्रदर्शनरत छ । गत शुक्रबारबाट प्रदर्शनमा आएको झिंगे दाउकी नायिका आँचल शर्मा सोमबार चितवनका हलमा पुगेकी छन् ।

चितवनका जलमा र इन्द्रदेव हलमा पुग्दा नायिका आँचललाई दर्शकले घेरा हालेका थिए । उनीसँग तस्बिर खिचाउन दर्शकको तँछाडमछाड नै चलेको थियो ।

चितवनका दुवै हलमा झिंगे दाउको शो हाउस फुल भएको नायिका आँचलले जानकारी दिइन् । दर्शकको सकारात्मक प्रतिक्रिया पाएको जानकारी दिएकी उनले दर्शकको माया र सद्भावले नतमस्तक भएको प्रक्रिया दिइन् ।

हलमा नायिका आँचललाई देखेपछि दर्शकले सेल्फी लिन घेरा हालेका थिए । उनीसँग तस्बिर लिन वृद्धदेखि बालकसम्म झुम्मिएका थिए ।

ज्ञानेन्द्र देउजा निर्देशित चलचित्र झिंगे दाउमा आँचलसहित केकी अधिकारी, मुकुन भुसाललगायत कलाकारको अभिनय छ ।

## आशिकी–३ मा कार्तिक अनुबन्धित

**मुम्बई–** 'भूल भुलैया २'को सफलतापछि अभिनेता कार्तिक आर्यनलाई कयौं फिल्मको अफर आइरहेको छ । हालै मात्र उनले फिल्म 'आशिकी ३'का लागि अनुराग बसुसँग हात मिलाएका छन् । यो प्रतिक्षित फिल्ममा बलिउडका कयौं स्टारहरूको नाम आइरहेको थियो, तर अब भने यो फिल्म कार्तिकको पोल्टामा परेको छ ।

कार्तिकले सामाजिक सञ्जालमार्फत एक पोस्ट सेयर गर्दै यसबारे जानकारी दिएका हुन् । 'बसु दासँग मेरो पहिलो फिल्म आशिकी ३', उनले लेखेका छन् । यद्यपि फिल्म निर्माताहरूले प्रमुख अभिनेत्रीको बारेमा कुनै जानकारी दिएका छैनन् । यो एक प्रेमकथाको फिल्म हुनेछ । यसअघिका संस्करणभन्दा यसको कथा केही पृथक हुने निर्माण पक्षको भनाइ छ ।

'आशिकी यस्तो फिल्म हो, जसलाई देखेर म हुर्किएको हुँ र आशिकी ३ मा काम गर्नु कुनै सपना सत्य हुनु जस्तो हो । म यो अवसरका लागि भूषण कुमार र महेश भट्टसँग सहकार्य गर्नका पाउँदा आफूलाई भाग्यशाली ठान्छु । म अनुरागको कामबाट प्रभावित छु र अब उहाँहरूसँग काम गर्न पाउनु मेरो लागि सिकाईको अवसर हो', कार्तिकले भनेका छन् । *एजेन्सी*



नेपाल-केन्या एकदिवसीय क्रिकेट

# रोहितको कप्तानीमा केन्याविरुद्ध सिरिज 'क्लिनस्वीप'



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपालले घरेलु टोली केन्याविरुद्धको तीन खेलको एकदिवसीय सिरिज क्लिन स्विप गरेको छ । नियमित कप्तान सन्दीप लामिछानेको अनुपस्थितिमा नेपाली टिम सम्हालेका रोहित पौडेलले पहिलो कप्तानीमा नेपाललाई सिरिज दिलाएका छन् ।

सोमबार भएको तेस्रो तथा अन्तिम एकदिवसीयमा केन्यालाई ६ विकेटले हराउँदै नेपालले सिरिज ३-० ले जितेको हो ।

यस सँगै नेपालले केन्याविरुद्धको दुवै सिरिज आफ्नो बनाएको छ । नेपालले यस अघि पाँच खेलको टी-ट्वान्टी अन्तराष्ट्रिय सिरिज ३-२ ले जितेको थियो ।

नैरोवीस्थित जिमखाना क्रिकेट मैदानमा केन्याले दिएको २ सय ५६ रनको लक्ष्य नेपालले ४७ ओभर १ बलमा मात्र ४ विकेट गुमाएर पूरा गऱ्यो ।

नेपालको जितमा अर्जुन साउद, आसिफ शेख र वसिर अहमदले अर्धशतकीय इनिङ खेले । अर्जुनले ५८ तथा आसिफले ५६ रन बनाए । वसिर ५२ रनमा अविजित रहे । यस्तै कप्तान रोहित पौडेलले अविजित रहँदै ४६ रन बनाए ।

ज्ञानेन्द्र मल्ल ३३ रनमा आउट हुँदा देव खनाल एक रनमा आउट भए । केन्याका भिराज पटेलले २ तथा शेम एनगोचे र याश तालातीले १/१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको केन्याले ५० ओभरमा ९ विकेट गुमाएर २ सय ५५ रन बनाएको थियो । केन्याका लागि कोलिन्स अबुयाले ८४ रनको अर्धशतकीय इनिङ खेले । यस्तै लुकास एनडानडासनले अविजित रहदै ५९ रनको अर्धशतकीय इनिङ खेले । सुखदिप सिंहले ३७ रन जोड्दा इमानुएल बुन्डीले २३ रन बनाए । कप्तान शेम एनगोचे १७ रनमा आउट भए ।

नेपालका सोमपाल कामी र आदील अन्सारीले २/२ विकेट लिए । वसिर अहमद र शाहब आलमले १/१ विकेट लिए ।

सिरिज अन्तर्गत कै पहिलो एकदिवसीयमा नेपालले केन्यालाई ७ विकेटले पराजित गरेको थियो । यस्तै दोस्रो एकदिवसीयमा १७ रनले विजयी भएको थियो ।

अन्तिम खेलको म्यान अफ द म्याच ८४ रन बनाएका केन्याका कोलिन्स अबुया घोषित भएका थिए भने म्यान अफ द सिरिज नेपालका आसिफ शेख घोषित भएका छन् ।

## आइटिएफ टोलीको बिदाइ

**काठमाडौं (प्रस)–** गण्डकी प्रदेशमा हुने नवौं राष्ट्रिय खेलकुदका लागि हुने बागमती प्रदेशको आइटिएफ तेक्वान्दो खेलाडी छनोट प्रतियोगितामा सहभागी हुन काठमाडौं जिल्लाको टोली मंगलबार हेटौडा प्रस्थान गर्दै छ ।

भदौ २२ देखि २३ गतेसम्म हुने प्रतियोगितामा काठमाडौंबाट १५ पुरुष र १० महिला गरी २५ खेलाडी सहभागी हुने छन् ।

टोलीलाई सफलताको शुभकामना दिदै काठमाडौं जिल्ला खेलकुद विकास समितिका अध्यक्ष गणेशलाल कक्षपतिले सोमबार एक कार्यक्रमबीच बिदाइ गरे । सोही अवसरमा खेलाडीलाई खेल पोशाक पनि वितरण गरिएको थियो ।

## रामेछाप कप फुटबल असोजमा

**रामेछाप (प्रस)–** रामेछापको मन्थलीस्थित दीपशिखा व्वाईज यूनाईटेड क्लबको आयोजनामा असोजको दोश्रो साता दोश्रो रामेछाप कप खुल्ला पुरुष फुटवल प्रतियोगिता आयोजना हुने भएको छ ।

बडादशैं तथा दिपावलीका अवसरमा असोज १० देखि १५ गतेसम्म प्रतियोगिता हुने क्लबका अध्यक्ष आषिश कार्कीले जानकारी दिए । क्लबको वार्षिक कार्यक्रम अन्तर्गत प्रतियोगिता आयोजना गरिएको उनको भनाई छ ।

प्रतियोगिताको विजेता टोलीलाई ३ लाख ३ हजार , उपविजेतालाई २ लाख २ हजार र तेस्रो स्थान हासिल गर्ने टोलीलाई १ लाख १ हजार प्रदान गरिने अध्यक्ष कार्कीले बताए । सान्त्वना पुरस्कार २५ हजार रहेको क्लबले जनाएको छ ।

## फेन्सिङका खेलाडी छनोट

■ प्रभाव संवाददाता

**काठमाडौं (प्रस)–** गण्डकी प्रदेशको पोखरामा आयोजना हुने नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताका लागि बागमती प्रदेशका २४ फेन्सिङ्ग खेलाडीको छनोट सम्पन्न भएको छ ।

काठमाण्डौ फेन्सिङ्ग एकेडेमीमा भएको छनोट प्रतियोगिताबाट पुरुष तर्फ १२ र महिला तर्फ १२ गरि कुल २४ खेलाडी छनोट गरिएको संघका महासचिव सुजनलाल श्रेष्ठले बताएका छन् ।

पुरुष फोयल ईभेन्टमा संजीप लामा, नारायण गौतम, पुरुषोत्तम खत्री, आर्यन कार्की रहेका छन् । ईपीमा ओमकार सिंह, भिष्मराज दाहाल, राहुल दर्शन र गगन राई तथा सावर ईभेन्ट्समा पायष योञ्जन, सोयबमान श्रेष्ठ, अमिर रायमाझी र साश्वत परियार छनोट भएको संघले जनाएको छ । यस्तै महिलाको फोयल तर्फ सुजाता कुँवर, गोमा आचार्य, संगिता लम्साल र अश्मिता घिसिङ्ग रहेका छन् । यसैगरि ईपी तर्फ उषा खड्का, अलिषा अधिकारी, करुणा खड्का र पेमा योञ्जन तथा सावरमा शिक्षा नापित, सोफिया चन्द, बिनिता कार्की र आकी प्रजापती रहेका छन् ।

छनोट भएका खेलाडीहरूलाई बागमती प्रदेश युवा तथा खेलकुद मन्त्री माननिय रत्न प्रसाद ढकालज्युले प्रमाण पत्र वितरण गरेका थिए । कार्यक्रममा बागमती प्रदेश सदस्य सचिव श्री सूर्यला भण्डारी, नेपाल फेन्सिङ्ग संघका अध्यक्ष सुनिल कुमार श्रेष्ठ, महासचिव सुजन लाल श्रेष्ठ लगायतको उपस्थिती रहेको थियो ।


## रोजगारको अवसर

**1. AMERICAN KITCHEN, DOHA, QATAR** पून:बिज्ञापन
पुर्व स्विकृति मिति: २०७९।०१।१५ चलानी नं. ६०१७८७०० LT No. 262445

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 14 | काममा दक्ष | 1100 | 33000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

**2. AMERICAN KITCHEN, DOHA, QATAR** पून:बिज्ञापन
पुर्व स्विकृति मिति: २०७८।११।२७ चलानी नं. ६०१७५८१२ LT No. 259316

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | काममा दक्ष | 1100 | 33000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | निःशुल्क |

**3. AMERICAN KITCHEN, QATAR, DOHA** पून:बिज्ञापन
पुर्व स्विकृति मिति: २०७८।६।११ चलानी नं. ६०१६४००७ LT No. 246521

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सूबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सूबिधा | बस्ने सूबिधा | करार अवधी | लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 2 | 0 | काममा दक्ष | 1100 | 33000 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष | निःशुल्क |

**4. EDISIJUTA SERVICES SDN. BHD. Malaysia** पून:बिज्ञापन
पुर्व स्विकृति मिति: २०७९।३।३१ चलानी नं. ६०१८३३२२ LT No.: 267388

| सि.नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 20 | 1500 | 43077 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ता: २०७९ भाद्र २८ गते (13 September 2022) मेनपावर कार्यालयमा हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: नि:शुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph No.: 01-5915744

# बंगलादेशकी प्रधानमन्त्री र भारतीय विदेशमन्त्रीबीच भेटवार्ता



**नयाँ दिल्ली–** भारतको चारदिने भ्रमणमा रहेकी बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले सोमबार नयाँ दिल्लीमा भारतीय विदेशमन्त्री एस जयशंकरसँग भेटवार्ता गरी आफ्नो कूटनीतिक बैठकको शुभारम्भ गरेकी छन् । शेख हसिनाको यो भ्रमणलाई भारत र बंगलादेशबीचको बहुआयामिक सम्बन्धलाई थप मजबुत बनाउने महत्त्वपूर्ण भ्रमणका रूपमा हेरिएको छ ।

रक्षा सहकार्यको उन्नयन, क्षेत्रीय कनेक्टिभिटी पहलको विस्तार र दक्षिण एसियामा स्थिरता स्थापना गर्ने विषयहरू एजेण्डाको शीर्षस्थानमा छन् । भ्रमणका क्रममा बंगलादेशकी प्रधानमन्त्रीले राष्ट्रपति द्रौपदी मुर्मू र उपराष्ट्रपति जगदीप धनखरसँग भेटवार्ता गर्नेछिन् ।

उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग पनि द्विपक्षीय भेटवार्ता गर्ने कार्यक्रम छ । सन् २०२१ मा दुई देशबीचको सम्बन्ध ५०औं वर्षमा प्रवेश गरेपछि यो उनको पहिलो भ्रमण हो । गत वर्ष बंगलादेशको स्वतन्त्रताको ५०औं वर्षगाँठ र राष्ट्रपिता शेख मुजिबुर रहमानको १०० औं जन्मजयन्ती पनि मनाइएको थियो । प्रधानमन्त्री मोदीले सन् २०२१ मा बंगलादेशको भ्रमण गरेका थिए ।

गत महिना भारत र बंगलादेशले नदीको पानीको अन्तरिम बाँडफाडसम्बन्धी सम्झौताको पाठलाई अन्तिम रूप दिइएको थियो । गत अगस्ट २५ मा दिल्लीमा सम्पन्न भारत-बंगलादेश संयुक्त नदी आयोग (जेआरसी) को ३८औं मन्त्रीस्तरीय बैठकमा उक्त समझदारीपत्र (एमओयू)को पाठलाई अन्तिम रूप दिइएको हो ।

सन् १९७२ मा साझा नदीहरूमा पारस्परिक हितका मुद्दाहरूलाई सम्बोधन गर्न द्विपक्षीय संयन्त्रको रूपमा आयोग गठन गरिएको थियो । भारतको 'छिमेक पहिलो' नीतिअन्तर्गत बंगलादेश महत्त्वपूर्ण साझेदार हो । यो सहकार्य सुरक्षा, व्यापार र वाणिज्य, ऊर्जा र ऊर्जा, यातायात र कनेक्टिभिटी, विज्ञान र प्रविधि, रक्षा, नदी, र समुद्री मामिलालगायत सबै क्षेत्रहरूमा विस्तारित छ ।

बंगलादेश अहिले दक्षिण एसियामा भारतको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो । पछिल्लो पाँच वर्षमा द्विपक्षीय व्यापार नौ अर्ब अमेरिकी डलरबाट बढेर १८ अर्ब डलर पुगेको छ । बंगलादेश आर्थिक वर्ष २०२०/२१ मा ९.६९ अर्ब अमेरिकी डलरबाट ६६ प्रतिशतले वृद्धि भई आर्थिक वर्ष २०२१/२२ मा १६.१५ अर्ब अमेरिकी डलर पुगेको छ । *रासस/सिन्ह्वा*

# सिचुवान भूकम्पमा ७ जनाको मृत्यु

**छन्दु–** चीनको दक्षिणप्रश्चिम प्रान्त सिचुवानको लुडिङ काउन्टीमा ६.८ म्याग्निच्युडको भूकम्पमा परी सात जनाको मृत्यु भएको स्थानीय अधिकारीहरूले बताएका छन् । सोमबार साँझसम्म भूकम्पबाट भएको मानवीय क्षति र भौतिक संरचनाको विस्तृत विवरण आउन बाँकी थियो ।

स्थानीय समयअनुसार १२ बजेर ५२ मिनेटमा लुडिङ काउन्टीभन्दा ३९ किलोमिटर टाढाको स्थललाई केन्द्रबिन्दु बनाएर भूकम्प भगएको चाइना भूकम्प नेटवर्क सेन्टरले जनाएको छ । भूकम्पको धक्का केन्द्रबिन्दुबाट २२६ किलोमिटर टाढा रहेको सिचुवान प्रान्तको राजधानी छन्दुमा पनि महसुस गरिएको थियो ।

राष्ट्रिय आपत्कालीन प्रतीकार्य तथा उद्धार कार्यालयबाट सहायताकर्मी भूकम्पप्रभावित क्षेत्रमा परिचालन भएका थिए । *रासस/सिन्ह्वा*

## कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७९/०५/२१**

यस कम्पनीको मिति २०७६/०२/०४ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **ग्रीन एजुकेशन मकवानपुर प्रा.लि** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि अमृत **अमृत हेलेर एकेडेमी प्रा.लि**(नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/०५/०५ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **अमृत हेलेर एकेडेमी प्रा.लि (प्रा.लि.नं.६६५०४)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।


## मलेशियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHINE KLEEN SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/२० LT. No. 270988 चलानी नं. ६०१८६९५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 100 | 0 | 1500 | ४२,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैँले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Govt. License 776/065/066

DREAMLAND MANAGEMENT PVT.LTD.
(FIRDOSH INTERNATIONAL OVERSEAS COMPANY PVT. LTD.)
Samakhusi-29, Kathmandu, Nepal (सामाखुसी स्वीमिङ पुल अगाडि).
Tel: +977-1-4365939 4382814 Fax: +977-1-4384392
Email: firdoshinternational@gmail.com, Website: www.fiocnepal.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DEBAJ INDUSTRIAL SERVICES WLL

पूर्व स्वीकृति मिति २०७८/०८/०७ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No. 251431 चलानी नं. ६०१७६७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labourer | 6 | 0 | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ ३० र ३१ गते (16 & 17th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैँले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/– कामदार आफैँले | रोजगारदाताले दिने |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु.१,५०० कामदार आफैँले सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने : निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. १५०/०५६/५७

HYHIRE INTERNATIONAL PVT. LTD.
(EAST WEST OVERSEAS SERVICE PVT. LTD)
Sinamangal-9,Tinkune, Kathmandu, BAGMATI, Tel: +977-01-4481308

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TARIQ AL GHANIM FOR GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति २०७८/०७/११ पून : विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No. 249533 चलानी नं. ६०१६६४९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LABOR | 52 | 0 | 95 | ३९,५८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | SCAFFOLDER | 150 | 0 | 130 | ५४,१७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः नाइल इन्टरनेसन्ल टेक्नीकल ट्रेनिङ सेन्टरमा मितिः भदौ २८ गतेदेखि असोज १ गतेसम्म (13th To 17th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन Lt No. 249533 मिति २०७९/०५/२० गते प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकाले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

Nile International Manpower Agency Pvt. Ltd.
Sinamangal, Kathmandu, Nepal Tel : +977-1-4599491, 4578036
Fax : 00977-1-4494529 Email : nileintl@wlink.com.np/nileintl1@gmail.com /nileintl2008@yahoo.com Website: www.nilegroupofcompanies.com
श्रम ईजाजत नं. ८२०/०६६/०६७

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SKM AIR CONDITIONING CO

पूर्व स्वीकृति मिति : २०७९/०५/१० LT No.271265 चलानी नं. ६०१८६९२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER | 11 | 0 | 1000 | ३४,२०० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Refrigeration Equipment Assembly Worker | 03 | 0 | 1500 | ५१,३०० | | | | | | | |
| 3 | Follow up of Materials Supervisor | 01 | 0 | 2500 | ८५,५१० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Dubai Overseas International Pvt. Ltd.
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-4383350/4382095
Fax No: +977-4383351 Email Id: dubaioverseas2016@gmail.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CIELO NAILS SALON

पूर्व स्वीकृति मिति : २०७९/०५/२० LT. No. 271255 चलानी नं. ६०१८६९०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 1 | 0 | 1700 | ५९,५७० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Hanna Beautician | 1 | 0 | 1700 | ५९,५७० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

SUPREME OVERSEAS PVT. LTD.
Koteshwor-35, Kathmandu, Nepal. Phone: +977-1-4612909, Mob No.: 9851141464 | Fax: 01-4600047
Email: supremeovs301@gmail.com, Web: www.supremeoverseas.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SINOPEC ENGENEERING GROUP SAUDI CO. LTD

पूर्व स्वीकृति मिति २०७९/०५/१० पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No. 270415 चलानी नं. ६०१८६२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Builder Worker | 20 | 0 | 1200 | ४०,७९५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Concrete Worker | 30 | 0 | 1200 | ४०,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः१०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं ९५७/०६७/०६८

All Skills International Human Resource Pvt.ltd.
Maharajganj-03, Basundhara, Kathmandu, Nepal
Tel +977-1-4989541-4989542 Fax : +977-1-4362800
E-Mail : allskillsintl@gmail,com, allskillskishor@gmail.com
Website : www.allskillsintl.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMACO TRADING & CONTRACTING W L L

पूर्व स्वीकृति मिति २०७९/०५/०५ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No. 269975 चलानी नं. ६०१८३३६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 40 | 0 | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAMACO TRADING & CONTRACTING CO.W.L.L.

पूर्व स्वीकृति मिति २०७८/०४/०१ पुन विज्ञापन स्वीकृति मिति २०७९/०५/२० LT. No. 242538 चलानी नं. ६०१८६५३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 50 | 0 | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.
श्रम ईजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL NAHAR OF CLEANING SERVICES & CONTRACTING WLL

पूर्व स्वीकृति मिति २०७९/०५/२० LT. No. 271264 चलानी नं. ६०१८६९२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker | 1 | 0 | 1200 | ४२,८३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Executive Sales | 1 | 0 | 2200 | ७७,७०५ | | | | | | | |
| 3 | Labour | 1 | 0 | 1000 | ३५,३२० | | | | | | | |
| 4 | Painter | 1 | 0 | 1200 | ४२,८३५ | | | | | | | |
| 5 | Plumber | 1 | 0 | 1200 | ४२,८३५ | | | | | | | |
| 6 | Supervisor | 1 | 0 | 3000 | १०५,९६० | | | | | | | |
| 7 | Taitor | 1 | 0 | 1200 | ४२,८३५ | | | | | | | |
| 8 | Waiter | 1 | 0 | 1400 | ४९,४५० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः भदौ २८ गते (13th Sep. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

MINAWA RECRUITMENT H.R. PVT LTD
Govt.Lic. No- 1168/073/074
Sinamangal-9, Sambhu Margh, Kathmandu, Nepal
T: +977-01-4112754 | Mobile: +977-9851002539, E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com

## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२१६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल – डिल्लीबजार, फोन नं. : ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी – गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं. 9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर– कलंकी चोक फोनः ०१–४२७६५३०, फ्याक्सः०१–४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१–४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट –९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१– ४२२४१८१, ०१– ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ९३,७०३ | प्रति तोला – ९३,२०२ | प्रति तोला – १११५ |

## 'नेपाली पर्यटकले सहजरूपमा विदेशमा घुम्न पाउनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल एशोसियशन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)ले नेपाली पर्यटकलाई विदेशमा सहज रूपमा घुम्न पाउने व्यवस्था गर्न माग गरेको छ ।

नाट्टाका अध्यक्ष रमेश थापाले एक विज्ञप्ति जारी गरी गृह मन्त्रालयले हालसालै जारी गरेको 'पर्यटक भिसामा विदेश प्रस्थान अनुमतिसम्बन्धी कार्यविधि-२०७९' ले नेपाली पर्यटकलाई विदेश भ्रमणमा जान निषेधात्मक प्रावधान राखेको भन्दै त्यसलाई सच्याएर सहजरूपमा विदेश घुम्न पाउने व्यवस्था गर्न माग गरेका हुन् ।

सरकारले ल्याएको कार्यविधिले नेपाली पर्यटकको स्वतन्त्रतापूर्वक घुमफिर गर्न पाउने नैसर्गिक अधिकारलाई चुनौती दिएको नाट्टाले बताएको छ । 'गैरकानुनी तवरबाट नेपाली नागरिकलाई विदेश लैजाने र अलपत्र पार्ने घटना नियन्त्रणमा सरकारले गरेको काममा नाट्टाको समर्थन रहेको छ, तर विदेश भ्रमणमा जान चाहने पर्यटक र भ्रमण व्यवस्थापन गर्ने पर्यटन व्यवसायीलाई निषेध र हतोत्साहित गर्ने नियतका साथ ल्याइएको कार्यविधिले पर्यटक व्यवसायी मर्कामा परेका छन्', नाट्टाद्धारा जारी विज्ञप्तिमा भनिएको छ ।

नाट्टाले नेपाली पर्यटक गन्तव्य देशमा जानुपूर्व कम्तीमा दुई देशको भ्रमण गरेको हुनुपर्ने, गन्तव्य मुलुकको होटलको वेभसाइटमा खुल्नेगरी होटल बुकिङको प्रमाण पेस गर्नुपर्ने, ट्राभल्स एजेन्सीले तोकिएको मुलुकमा पर्यटक भिसामा भ्रमणमा जाने नेपाली पर्यटकको टिकट व्यवस्थापन गर्नुपूर्व अध्यागमन विभागबाट स्वीकृत लिनुपर्ने, आफ्नो एजेन्सीमार्फत पर्यटक भिसामा गएका पर्यटकलाई तोकिएको मितिमा नेपाल फर्काउने र त्यसको प्रतिवेदन अध्यागमनमा पेस गर्नुपर्ने बाध्यकारी व्यवस्था पर्यटन व्यवसायी विरोधी प्रावधान भएको बताएको छ ।

अध्यक्ष थापाले पर्यटन व्यवसायी र सम्बन्धित संघ संस्थाबीच छलफल नगरी ल्याएको कार्यविधिले नेपालको पर्यटन क्षेत्रको विकास हुन नसक्ने भन्दै यसलाई तत्काल फिर्ता लिन माग गरे । नाट्टाले पर्यटकीय हिसाबले विदेश भ्रमणमा जान चाहने सबै नेपाली पर्यटक र भ्रमण व्यवस्थापन गर्ने ट्राभल्स एजेन्सी गैरकानुनी उद्देश्यबाट प्रेरित हुन्छन् भन्ने भाव झल्कने गरी ल्याइएको कार्यविधि अगाडि नबढाउन सरकारलाई आग्रह गरेको छ ।

# नेप्सेको ओरालो यात्रा कायमै

## ४ अंकले परिसूचक घट्दा ९० करोडको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक चार दशमलव २९ अंकले ओरालो लागेर एक हजार नौ सय ७३ दशमलव शून्य एकमा पुगेको छ ।

यस्तै ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ८२ अंकले ओरालो लागेर तीन सय ८२ दशमलव ९५ मा ओर्लेको छ । कूल दुई सय २४ कम्पनीको २४ लाख ४४ हजार तीन हजार ४४ कित्ता सेयर रु ९० करोड ९९ लाख चार हजार सात सय ५१ बराबर मूल्यमा खरिद बिक्री भएको छ । नेप्सेका अनुसार कारोबार भएका १३ उपसमूहमध्ये दुई उपसमूहको मात्रै सेयर मूल्य उकालो लागेको छ भने ११ उपसमूहको सेयर मूल्यमा गिरावट आएको छ । उत्पादन एक दशमलव ८७ र लघुवित्त दुई दशमलब पाँच अंकले उकालो लागेको छ ।

बैंकिङ एक दशमलव ३९, व्यापार आठ, होटल तथा पर्यटन आठ दशमलव शून्य पाँच, विकास बैंक १० दशमलव ८३, जलविद्युत् छ दशमलव एक, वित्त नौ दशमलव ८८, निर्जीवन बिमा चार दशमलव ३७, अन्य १५ दशमलव २१, जीवन बिमा पाँच दशमलव शून्य छ, सामूहिक लगानी कोष शून्य दशमलव १३ र लगानी शून्य दशमलव ३२ अंकले ओरालो लागेको छ ।

सोमबारको कारोबारपछि बजार पुँजीकरण रु २८ खर्ब ३० अर्ब छ करोड ५५ लाख ७८ हजार तीन सय ७७ बराबर रहेको छ । नेप्सेका अनुसार कारोबारका आधारमा रिडी हाइड्रोपावर शीर्ष स्थानमा छ । सो कम्पनीको रु नौ करोड ९६ लाख ९४ हजार सात सय २१ बराबरको कारोबार भयो ।

यस्तै हिमालयन एभरेष्ट इन्स्योरेन्स रु चार करोड ५९ लाख ७८ हजार छ सय ६४, नवील बैंक रु चार करोड ५६ लाख ५५ हजार पाँचसय ८६, नेष्डो समृद्धि लघुवित्त रु दुई करोड ८५ लाख सात हजार पाँच सय ५१ र नेपाल दूरसञ्चार कम्पनी रु दुई करोड २३ लाख १७ हजार चार सय ६६ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भए ।

मैलुङ खोला जलविद्युत् कम्पनी सात दशमलव ४३, हिमालयन एभरेष्ट इन्स्योरेन्स तीन दशमलव ९३, रिडी हाइड्रोपावर तीन दशमलव २३, अप्पर सोलु खोला हाइड्रो दुई दशमलव ९२ र ग्रीन भेञ्चर्स लिमिटेडका लगानीकर्ताले दुई दशमलव ८७ प्रतिशतले कमाएका छन् । त्यस्तै रुरु जलविद्युत् परियोजना छ दशमलव ५५, आशा लघुवित्त तीन दशमलव ६६, जोशी हाइड्रोपावर तीन दशमलव शून्य चार, एनएमबी आइब्रिड फण्ड एक दुई दशमलव ७७ र ओरियन्टल होटलका लगानीकर्ताले दुई दशमलव ७४ प्रतिशतले गुमाएका छन् ।

## वाणिज्य संघमा सहमति जुटाउन नगरपालिकाको पहल

**स्याङ्जा (प्रस)–** वालिङ उद्योग वाणिज्य संघको शनिबार स्थगित भएको अधिवेशन अघि बढाउने विषयमा सहमति जुटाउन वालिङ नगरपालिकाले पहल थालेको छ । संघको १६ औं साधारणसभा तथा ८औं अधिवेशनलाई लिएर दुई पक्षबीच बिमति भएपछि स्थगित भएको अधिवेशन टुंग्याउनका लागि नगरपालिकाको न्यायिक समितिले पहल थालेको हो ।

संघको यसअधिको सहमतिका आधारमा अगाडि बढ्न अध्यक्ष शोभाकान्त पौडेल समूहले आनाकानी गरेको भन्दै तत्काल अधिवेशन रोक्नका लागि वरिष्ठ उपाध्यक्ष अर्जुनप्रसाद खनाल समूहले न्यायिक समितिमा उजुरी दिएसँगै अधिवेशन स्थगित भएको थियो । न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार विवाद समाधान गरेर मात्रै अधिवेशनको प्रक्रिया अगाडि बढाउन निर्देशन दिएसँगै दुवै पक्षलाई पत्रचारमार्फत छलफलका लागि बोलाइएकोमा एक पक्ष मात्रै आएकाले भदौ २७ गते फेरि छलफल गर्ने निर्णय भएको वालिङ नगरपालिकाका कानुन अधिकृत नरबहादुर पौडेलले बताए ।

'वाणिज्य संघमा देखिएको विवाद समाधानका लागि न्यायिक समितिमा उजुरी परेपछि विवाद समाधान नहुँदासम्म अधिवेशन स्थगित गर्न पत्राचार गरिएको हो', उनले भने, 'विवाद समाधानका लागि दुई पक्षलाई पत्राचार गरी छलफलमा सहभागी हुन बोलायौँ तर एउटा पक्ष अनुपस्थित भएपछि यस विषयमा एक सातापछि पुनः छलफल गर्ने गरी पुनःपत्राचार गरेका छौँ ।'आगामी छलफलमा हालको कार्यसमिति निर्वाचित हुँदादेखि हालसम्मको कार्यसमितिले अनुमोदन गरेका सबै निर्णय, साधारणसभाको प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन, संस्था नवीकरणलगायत कागजातसहित उपस्थित हुन संघका नाममा पत्राचार गरिएकोसमेत कानुनअधिकृत पौडेलले बताए ।






प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ